मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**WANTED**
We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts
* Primary - 1| Grade Teaching
Qualification: Minimum Bachelor Running
* Lower Secondary -1 | Science
* Lower Secondary -1 | Mathematics
Qualification: Bachelor Degree
Apply immediately with handwritten application
* आया दिदी - १ (साधारण लेखपढ)
Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

वर्ष : २६ ★ अङ्क : ७२ ★ ने. सं. ११४४ चिल्ला गा, दशमी ★ बिहीबार ★ २२ चैत, २०८० ★ April 4, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## राजनीतिक आवरणमा भ्रष्टाचारीहरू शासक दलभित्र

काठमाडौँ, २१ चैत । विश्व बैङ्कले नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको प्रक्षेपण सार्वजनिक गऱ्यो । नेपाली युवालाई संसारको १७१ भन्दा बढी देशमा रगत पसिना बगाउन पठाइएको छ । उनीहरूबाट प्राप्त विप्रेषणको आधारमा गरिएको आर्थिक वृद्धिको प्रक्षेपण भरपर्दो होइन । सामान्यत: कुल गार्हस्थ उत्पादन (GDP) बढ्नुलाई जनताको जीवनस्तर उकासिएको रूपमा हेरिन्छ तर तथ्यले यसलाई सही ठहऱ्याउँदैन । संरा अमेरिकाको औसत प्रतिव्यक्ति जीडीपी जर्मनीको भन्दा उच्च छ । तर, जर्मनीका कामदारले बढी तलबी र बिरामी सहुलियत पाउँछन् । बेलायतमा बाँचन झन्झन् महँगो हुँदै छ । रोजगारीमा होमिनुपर्दा बेलायती आमाहरूले आफ्ना सन्तानसँग बस्ने क्षमतासमेत गुमाएका छन् भने गरिब आमाहरू आफ्नो सन्तानलाई हेरचाह नगरी तलब पाउनकै निम्ति अरूको बच्चा हेरचाहमा जान बाध्य छन् ।



नेपालमा आमाहरूको श्रमशक्ति वृद्धि र शिशुहरूको उचित पालनपोषणको लागि सरकारले वडाका टोलटोलमा शिशु स्याहार केन्द्र र बालउद्यान सञ्चालन गर्नु जरुरी छ । मातृभाषाबाट शिक्षा दिँदा छिट्टै सिकिने भएकोले स्थानीय भाषा बोल्ने र बुझ्नेलाई विद्यालयहरूमा शिक्षक, शिक्षिकाको रूपमा नियुक्ति गरेर पठाउनु जरुरी छ ।

देश र जनताप्रति समर्पित एक शुभचिन्तकले भन्नुभयो, “नेपालमा अङ्ग्रेजले आक्रमण गरेको बेला बेलायती तलब र मान पाएकाहरूले देशद्रोह गरेका थिए । तिनिहरूकै कारण युद्धमा देशको हार भयो ।” उहाँले प्रश्न गर्नुभयो, “पद र पैसा लिएर आत्मा बेच्नेहरूलाई के भन्ने ? के अरुको जुठो खाएर बाँचेकाहरू भन्ने ?” कम्युनिस्ट घोषणापत्रमा मार्क्स र एङ्गेल्सले स्पष्ट भन्नुभयो, “पुँजीवादी व्यवस्थाले सबै मूल्यमान्यता र नैतिकतालाई नाफा नोक्सान र शुभलाभमा फेरिदिएको छ ।”

इतिहासमा अफ्रिकीहरूलाई दास बनाएर युरोप र अमेरिकीहरूको लागि लाने दास व्यापारीहरू थिए । आज म्यानपावर कम्पनीहरूमार्फत नेपाली युवालाई बहुर्राष्ट्रिय कम्पनीको सस्तो ज्यामी र नेपाली चेलीलाई विदेशमा यौनदासी बनाउनेहरूको सङ्ख्या बढ्दो छ । प्रधानमन्त्री र मन्त्रीहरूलाई यी विषयबारे जानकारी छ तर कारबाही नहुँदा अपराधीहरूको मनोबल बढ्दो छ । सञ्चारमाध्यममा सरकारमा गएका पार्टीहरूमा राजनीतिक आवरणका केही सुन तस्कर, नक्कली भुटानी शरणार्थी बनाउने, उद्योगी-व्यापारीको नाममा ठेकेदार, व्यापारी, बैङ्क सञ्चालक, सहकारी सञ्चालकहरू, भ्रष्टाचारी, ठगी गर्ने, सार्वजनिक जग्गा कमलपोखरी, बालमन्दिरको जग्गा निजी बनाउनेहरू बढिरहेको समाचार प्रकाशित भइरहेको छ । यसबारे शासक दलहरू सचेत भएको देखिएन । भ्रष्टाचार, बेरोजगारी र अशान्ति, हिंसा र युद्धबाट बच्ने एकमात्र उपाय सामाजिकीकरण नै हो । यसकारण, सार्वजनिक संस्थान निजीकरण गर्ने, सार्वजनिक र सरकारी जग्गा, भवन कब्जा गर्नेहरूमाथि कारबाही हुनुपर्छ ।

पुँजीवादी चुनावबाट सरकारमा पुग्ने होडबाजी गर्नेहरूले २०१७ पुस १ र २०६१ माघ १९ गतेको घटनाबाट पाठ सिक्नु जरुरी छ । क्रान्तिबाट जनताको सरकार बनाउनेतर्फ राजनीतिक दलहरू लाग्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २१ गते प्रतिनिधिसभा बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)*

### प्रधानमन्त्री र मन्त्रीहरू इमानदार नभएसम्म कर्मचारीहरू पनि इमानदार नहुने

सङ्घीय निजामती सेवा विधेयक, २०८० मा सैद्धान्तिक विषय राख्न चाहन्छु ।

प्रधानमन्त्री र मन्त्रीहरू इमानदार नभएसम्म कर्मचारीहरू पनि इमानदार हुने छैनन् । सरकारले राजस्वको ४० प्रतिशत कर्मचारी प्रशासन र ६० प्रतिशत विकासमा खर्च गर्नु जरूरी छ । कतिपय देशमा ५ वर्षसम्म मूल्यवृद्धि गरिँदैन । तर, नेपालमा कर्मचारीको १० प्रतिशत तलबभत्ता वृद्धि गरिए ५० प्रतिशत महँगी वृद्धि हुन्छ ।

यो विधेयकको नाम देश र जनताको सेवा गर्ने कर्मचारी विधेयक राख्नु उपयुक्त हुनेछ । जिल्लामा कर्मचारीहरू बजेटको लागि सिंहदरबार धाउनुपर्ने र अग्रीम कमिसन बुझाउनुपर्ने अवस्था समाप्त हुनु जरूरी छ । एक सचिवले ‘सिंहदरबार भ्रष्टाचारको अखडा भएको’ बताउनुभएको थियो । यो भनाइ अप्रत्यक्षरूपमा प्रधानमन्त्री र मन्त्रीहरूतिरै सोझिएको स्वीकार गर्नुपर्दछ ।

सरकार परिवर्तनसँगै मुख्य मुख्य कर्मचारीहरूको फेरबदल हुने अभ्यास सुरू गर्ने हो कि ? देशको छिटो विकास र सुशासनको लागि सङ्घीय सेवामा देशभरिका नागरिक, प्रदेश सेवामा प्रदेशका नागरिक र स्थानीय सेवामा सम्बन्धित स्थानीय सेवाका नागरिक नियुक्ति हुने व्यवस्था जरूरी छ । स्थानीय भाषा बोल्ने र बुझ्ने कर्मचारीबाट स्थानीय जनताको थप सेवा हुनेछ । देशको सन्तुलित विकासको निम्ति जनप्रतिनिधि र कर्मचारीलाई आ-आफ्नो जिल्लामा मात्र घरजग्गा किन्न पाउने व्यवस्था गर्नु आवश्यक छ । काठमाडौँको सुविधा जिल्ला-जिल्लामा पुऱ्याउनु जरूरी छ ।

स्वास्थ्य सेवा समूह पनि विधेयकमा थप हुनु जरूरी छ । नेपाली सेना र नेपाल प्रहरीको सेवा निवृत्ति हुने उमेर एउटै बनाइए उपयुक्त हुन्छ । प्रधानमन्त्री, मन्त्री र कर्मचारीको लागि खाद्यान्न उत्पादन गर्ने मजदुर किसानलाई पनि ६० वर्षपछि निवृत्तिभरण दिने विधेयक ल्याउनु जरूरी छ ।

राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र हो । कर्मचारीले प्रधानमन्त्री, मन्त्रीदेखि सबैबाट हुने भ्रष्टाचार, कमिसन, कालोबजारी, पक्षपात, नातावाद, बेइमानीको विरोध गरेकोलाई राजनीति

***बाँकी पृष्ठ ८ मा***

## भ्रष्टाचारले परिवार र जात हेर्दैन !

काठमाडौँ, २१ चैत । पहिले नेपाली समाजमा माथिल्ला ‘सम्भ्रान्त’ परिवारका मानिसहरूलाई सम्मान गर्थे । तिनीहरूको जीवन धर्म-कर्ममा तल्लीन भएको र निधारमा ठुलठुला रातो श्रीखण्डको टीका लगाएको हुन्थ्यो । हातमा अनेक प्रकारका सुनका र अन्य धातुका औँठीहरू लगाएका हुन्थे । संस्कृत, नेपाली, हिन्दी, अङ्ग्रेजी एवं अन्य भाषाका जानकार ती परिवारका सदस्यहरू अनेक सरकारी माथिल्ला पदहरूमा पदासीन हुन्थे र साधारण जनताले तिनीहरू साँच्चै देश र जनताप्रति समर्पित र देशभक्त सम्झन्थे । तर, आज त्यो भ्रमबाट नेपाली जनता बुझ्दै छन् । ती परिवारहरू ‘उच्च’ जातिका सम्झिन्थे ।

आज समाचारपत्रहरू हेर्नासाथै त्यस्तै परिवार र उच्च जातिहरूले गरेका सार्वजनिक सम्पत्तिमाथि गैरकानुनी रूपबाट भएको हस्तक्षेप, निजीकरण तथा भ्रष्टाचारले बुद्धिजीवीहरू पनि लाजले शिर निहुऱ्याउँदै छन् ।

पहिलेका थापा, पाण्डे, राणा, शाह, झा, मिश्र आदि खस-ब्राह्मण परिवारका बारेमा समाचार पढ्दा पाठकहरू अन्योलमा पर्छन् । ठमेलको छाया सेन्टर, नक्कली शरणार्थी काण्ड, अमेरिकी कम्पनी कोटिभिटी (COTIVITI) का पाँच अर्ब १८ करोड कर छली प्रकरण, ‘कानुनविपरीत ५१ करोड भ्याट छुट दिने ६० कर अधिकारी छानबिनको घेरामा’ जस्ता शीर्षकले सबै नेपालीलाई जिब्रो टोक्नुपर्ने स्थितिमा पुऱ्यायो । (नयाँ पत्रिका, २० चैत २०८०)

विशाल पण्डित, विकल पौडेल, सुनिल पौडेल, भीमकान्त भण्डारीजस्ता माथिल्ला परिवारका सदस्यहरूलाई ‘औषधि र आईटी क्षेत्रका माफियाको ‘नेक्सस’ भत्काउँदै अख्तियार’, ‘कोकोविरूद्ध दायर भयो भष्टाचार मुद्दा ?’ शीर्षक र उपशीर्षकले पाठकहरूलाई झस्काएको व्यापक चर्चा छ । (नेपाल समाचारपत्र, २१ चैत २०८०)

‘कोटिभिटी राजस्व छली प्रकरणमा सचिव, सहसचिव र महानिर्देशकसहित ६० जना छानबिनको घेरामा ‘शीर्षकले पाठकहरू अमेरिकी कम्पनीहरू पनि ‘भ्रष्टाचारी’ हुन्छन् र भन्ने सरल जनता आश्चर्यमा परेका छन् ।

‘सहकारी ठगीमा श्रममन्त्री अर्याल पनि ?’ शीर्षकको समाचारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मन्त्री डीपी अर्याल र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य सचिव केशवप्रसाद पौडेल पनि तानिएका छन् । (नागरिक दैनिक, २० चैत २०८०)

पोखरा विमानस्थलमा छानबिन गर्न थालिएपछि प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले भने अख्तियारका पदाधिकारी नै हटाउने भन्दै हिँड्न थालेका छन् । ‘नागरिक’ दैनिकको शीर्षक छ - ‘पोखरा विमानस्थल ठेक्कामा अख्तियार धाउँदै अधिकारी ।’

त्यसो त भ्रष्टाचार र अपराधले परिवारको उचाइ र जात हेर्दैन । सन् १८१६ मा सुगौली सन्धिमा नेपाललाई बेलायती साम्राज्यवादको सर्त मानेको पत्रमा हस्ताक्षर गर्नेहरू गजराज मिश्र र चन्द्रशेखर उपाध्यायबारे पनि विश्वासघातीको रूपमा नेपाली जनतामा व्यापक रोष प्रकट हुने गरेको सर्वविदित छ ।




**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**गुँला बाजा प्रतियोगितासम्बन्धी सूचना**

सांस्कृतिक विधाहरूको संरक्षण संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुला गुँला बाजा प्रतियोगिता मिति २०८१ वैशाख २२ गते, शनिबार हुने भएको हुँदा सम्पूर्ण सम्बन्धित बाजाका सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ-आफ्नो बाजा देहायको स्थानमा दर्ता गरी प्रतियोगितामा सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रतिसमूह दर्ता शुल्क : रु. १००/-
दर्ता गर्ने अन्तिम मिति : २०८१ वैशाख १४ गते, शुक्रबार
दर्ता गर्ने स्थान : भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
भ.न.पा.१ देखि १० वडा कार्यालयहरू
अनलाइन फाराम दर्ताको लागि : www.bhaktapurmun.gov.npमा हेर्नुहोला ।



**सामरी पौवा**
पुरातत्त्व विभागबाट पुनर्निर्माण गरिएको नुवाकोटको म्यागङ गाउँपालिका-५ सामरी भञ्याङमा अवस्थित ऐतिहासिक 'सामरी पौवा'। यस पौवा विसं १७५० को दशकमा स्थानीय कालिदास खड्का मगरले बनाएको र नेपाल एकीकरणको क्रममा नुवाकोट आक्रमण गर्नुअघि पृथ्वीनारायण शाहसहित सैनिक फौज यहाँ बसेर युद्धको तयारी गरेको प्राप्त इतिहासमा उल्लेख छ। *तस्बिर : रामहरि न्यौपाने/रासस*

# महिला राजनैतिकरूपमा सचेत हुनुपर्ने



भक्तपुर, २१ चैत। भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित आधारभूत सिलाइ तालिम, बुटिक तालिम र हेयर कटिङ तालिममा सहभागी समूहको आयोजनामा बिस्का जात्रा तथा नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम बुधबार सम्पन्न भयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुजना सैजुले नेमकिपाले महिलाहरूलाई सचेत पार्दै आएको बताउनुभयो।

अहिले शिक्षिकाहरूले विद्यालयको नेतृत्व गरिरहेको चर्चा गर्दै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा ६० प्रतिशत महिलाहरूको सहभागिता रहेको उल्लेख गर्नुभयो।

तालिम एक प्रकारको शिक्षा भएको धारणा राख्दै उहाँले महिलाहरू राजनैतिकरूपमा सचेत हुनुपर्ने र स्वास्थ्यमा पनि ध्यान दिनुपर्ने बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकिय अधिकृत वसन्त भट्टराईले बिस्का जात्राको शुभकामना दिँदै तालिममा सिकेको सीप व्यवहारमा उतार्नुपर्ने र आम्दानी हुने खालको व्यवसाय गर्नुपर्ने बताउनुभयो।

महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशनमैया सुवालले भनपाले २०४४ सालदेखि नै आधारभूत सिलाइ तालिम दिँदै आएको जानकारी दिनुभयो।

धर्मलक्ष्मी लघुको सभापतित्वमा सम्पन्न कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैया सुजखु प्रजापति, प्रशिक्षक कमला शाक्य, बद्री कवाङ र प्रशिक्षार्थी अनिता खोंजुले पनि बोल्नुभएको थियो।

# पोखरामा आगामी सातादेखि महोत्सव

काठमाडौं, २१ चैत (रासस)। 'पर्यटन, संस्कृति र खाना' नाराका साथ कास्कीको पोखरामा चैत २९ गतेदेखि फेवा नववर्ष महोत्सव, २०८१ आयोजना हुनेभएको छ।

होटल सङ्घ पोखराले बुधबार पत्रकार सम्मेलन गरी तीन दिनसम्म चल्ने सो महोत्सवमा रैथाने एवं परम्परागत खानाको प्रवर्द्धन, सांस्कृतिक झाँकी, लोक्दोहरी एवं पर्यटक दौड प्रतियोगितालगायत पर्यटन प्रवर्द्धनसँग सम्बन्धित विविध कार्यक्रम प्रस्तुत हुने जनाएको छ।

पोखराको ड्यामसाइड चोकदेखि खहरेचोकसम्म करिब साढे तीन किलोमिटरसम्म आयोजना गरिने मनोरञ्जनात्मक कार्यक्रममा सहभागी हुँदा कुनै पनि किसिमको शुल्क नलाग्ने आयोजकले स्पष्ट गरेको छ। यसैगरी पोखराका होटलले महोत्सव अवधिभरका लागि यसअघि लिँदै आएको सेवा शुल्कमा २० प्रतिशतका दरले छुट दिने निर्णय गरेको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो।

अध्यक्ष सुवेदीले १९ औँ संस्करणअन्तर्गत हुन गइरहेको फेवा महोत्सवमा पोखरा र गण्डकी प्रदेशका दुई लाख स्थानीय बासिन्दासहित अन्य स्वदेशी एवं विदेशीसमेत गरी जम्मा तीन लाख पर्यटक भिœयाउने लक्ष्य लिएको बताउनुभयो।

होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले औपचारिकरूपमा पर्यटकीय राजधानी घोषणा भइसकेपछि पोखरामा हुन गइरहेको महोत्सवलाई सफल तुल्याउन तीनै तहको सरकारसहित सम्बद्ध क्षेत्रका सबै पक्षबिच सहयोग र सहकार्य भइरहेको जानकारी दिँदै महोत्सव ऐतिहासिकरूपमा सफल हुने विश्वास व्यक्त गर्नुभयो।

होटल सङ्घ पोखराका महासचिव राजेन्द्र ढकालले कोभिड-१९ सङ्क्रमणका कारण प्रत्यक्ष प्रभावित मुलुकको होटल व्यवसायलाई लयमा फर्काउने सन्दर्भमा हुन गइरहेको फेवा महोत्सवबाट आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो।

पोखरामा अहिले रु. पाँच खर्बको लगानीमा बनेका एक हजार २०० होटलमा ४० हजार बेड रहेको र १५ हजार नेपालीले रोजगारी पाएको होटल सङ्घ पोखराका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो। कोभिड-१९ सङ्क्रमणपछि पोखराका करिब २५ प्रतिशत होटल व्यवसायी पेसाबाट विस्थापित भएको र करिब पाँच हजारले प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा रोजगारी गुमाएको उल्लेख गर्दै आयोजक पक्षले आसन्न पोखरा महोत्सवलाई थप उपलब्धिमूलक बनाउने अभियानमा साथ दिन सबैसँग अनुरोध गरेको छ।

# डेङ्गुप्रति सचेतना अपनाउन आग्रह

काठमाडौं, २१ चैत (रासस)। गर्मीयाम सुरु भएसँगै डेङ्गुको जोखिम पनि बढ्न थालेको छ। गर्मी बढेसँगै मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टेले डेङ्गुको सङ्क्रमण गराउने भएकाले जोखिम बढ्दै गएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले गर्मीसँगै पानी पनि पर्न सुरु हुने भएकाले डेङ्गुको जोखिम बढ्ने बताउनुभयो। डेङ्गुको सङ्क्रमणबाट बच्न सचेतना अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँका अनुसार डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेमा डेङ्गु लाग्दछ।

डेङ्गु हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्नेलगायत लक्षण देखा पर्ने भन्दै डा. दाहालले लक्षण देखा परेमा तत्काल चिकित्सकको सल्लाह लिन आग्रह गर्नुभयो। लामखुट्टेबाट बच्नका लागि सधैँ भुल टाँगेर मात्र सुत्ने, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न उहाँले अनुरोध गर्नुभयो।

उहाँका अनुसार सन् २०२३ मा करिब ५१ हजार एक सय ४३ र सन् २०२२ मा ५४ हजार ६ सय ३० जनामा डेङ्गु देखिएको थियो। नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो। सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन्। त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

# महालेखापरीक्षक सिफारिसमा ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको ध्यानाकर्षण

काठमाडौं, २१ चैत। संवैधानिक परिषद्ले तोयम रायलाई महालेखापरीक्षकमा सिफारिस गरेकोमा ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) नेपालले आपत्ति जनाएको छ।

कानुनबमोजिम लेखा राख्ने, राख्न लगाउने र लेखापरीक्षण गराउनेलगायतका जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको रहने र सोही प्रकृतिको पदमा रहेका रायलाई महालेखापरीक्षकमा सिफारिस गरेकोमा टीआइ नेपालले आपत्ति जनाएको हो।

राज्यका कुनै पनि उच्च पदमा नियुक्ति गरिँदा स्वार्थको द्वन्द्व नहुने र सुशासनमा खलल नपर्ने कुरा सुनिश्चित गरिनुपर्ने ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) नेपालको आधिकारिक धारणा छ।

"संवैधानिक परिषद्द्वारा यही २०८० वैशाख २१ गतेसम्म अर्थसचिव पदमा रही तत्पश्चात् उपराष्ट्रपतिको कार्यालयमा सचिव र त्यसपछि राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख तथ्याङ्क अधिकारीको रूपमा कार्यरत तोयम रायलाई महालेखापरीक्षकमा सिफारिस गरिएकामा टीआई-नेपालको गम्भीर ध्यानाकर्षण भएको छ", विज्ञप्तिमा भनिएको छ।

ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्गका अनुसार विश्वका विभिन्न मुलुकका महालेखापरीक्षकजस्ता सर्वोच्च लेखापरीक्षण निकायको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाइ) बाट जारी आचारसंहितामा नैतिक आचरणबारे उल्लेख रहेको बताउनुभयो।

"ती आचरणमध्ये लेखापरीक्षक (महालेखापरीक्षक र निजको तर्फबाट लेखापरीक्षण कार्य गर्ने अन्य व्यक्ति) को निष्ठा, लेखापरीक्षण गराउने निकायबाट स्वतन्त्र र वस्तुनिष्ठ रहनुपर्ने विषय महत्त्वपूर्ण छन्", उहाँले भन्नुभयो।

उहाँका अनुसार लेखापरीक्षकको रूपमा तोक्दा र लेखापरीक्षकले जिम्मेवारी स्वीकार गर्दा लेखापरीक्षण गराउने निकाय र कार्यसँग लेखापरीक्षकको नैतिक आचरणमा आँच आउनसक्ने अवस्था, जस्तै आफूले गरेको काम आफैँले परीक्षण गर्ने जोखिमलाई विचार गर्नुपर्ने मान्यता छ। यस्तो जोखिम कायम रहेको अवस्थामा लेखापरीक्षणको नतिजा विश्वसनीय नहुने सम्भावना रहेको उहाँको भनाइ छ।

"संवैधानिक परिषद्को यस सिफारिसबाट रायले आफू अर्थसचिव, उपराष्ट्रपतिको कार्यालयमा सचिव र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख तथ्याङ्क अधिकारीको रूपमा कार्यरत रहेको (जसको लेखाउत्तरदायी अधिकृत उहाँ स्वयं नै हो)", उहाँले भन्नुभयो।

# निलम्बित जिल्ला न्यायाधीश गिरीलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश

काठमाडौं, २१ चैत। सर्वोच्च अदालतले वैवाहिक जबरजस्ती करणीको आरोप लागेका निलम्बित जिल्ला न्यायाधीश भुवन गिरीलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको छ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र तिलप्रसाद श्रेष्ठको सयुक्त इजलासले सुनुवाइ गर्दै जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनको आदेश बदर हुने ठहर गरी गिरीलाई थुनामा पठाउन आदेश गरेको हो।

"पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा प्रजनन अङ्गसँग सम्बन्धित 'हाइमेन ओल्ड टिअर' भन्ने देखिएको छ, पीडित र प्रतिवादीबीच यसभन्दा पहिले पनि वैवाहिक जबरजस्ती करणी र सम्बन्धविच्छेद मुद्दा चलिरहेको अवस्था देखिएको छ", आदेशमा भनिएको छ।

जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनले निलम्बित न्यायाधीश गिरीलाई धरौटीमा छाड्न आदेश गरेको थियो। सर्वोच्च अदालतले उक्त आदेशलाई बदर गरेको छ। गिरीको पत्नीले आफूमाथि बलात्कार भएको उल्लेख गर्दै जाहेरी दिएपछि प्रहरीले निलम्बित न्यायाधीश गिरीलाई पक्राउ गरी अनुसन्धान गरेको थियो।

जिल्ला सरकारी वकिल कार्यालयले गिरीमाथि वैवाहिक बलात्कारको मुद्दा चलाएपछि निलम्बनमा रहेका छन्।

यसैबिच, आज सो मुद्दाको सुनुवाइ भइरहेको अवस्थामा गिरी पत्नीले इजलासमै शङ्कास्पद वस्तु सेवन गरेपछि निजलाई अस्पताल लगेको बताइएको छ। सर्वोच्च अदालतको सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार निजले शङ्कास्पद वस्तु सेवन गरेपछि उपचारका लागि वीरअस्पताल लगिएको हो। के सेवन गरिएको थियो भन्ने खुलेको छैन। रासस

# जलवायुमैत्री विकास आजको आवश्यकता

काठमाडौँ, २१ चैत। सरोकारवालाले जलवायुमैत्री विकास आजको आवश्यकता रहेकामा जोड दिनुभएको छ। आज राजधानीमा व्यावसायिक विकास तथा अनुसन्धान केन्द्र, मार्टिन चौतारी, नेपाल बौद्ध अम्बेडकर महासभाको संयुक्त आयोजनामा आयोजित कार्यक्रममा बोल्दै सरोकारवालाले जलवायुमैत्री विकासमा जोड दिएका हुन्।

सहभागितामूलक विकास विशेषज्ञ चेतनाथ कंडेलले पछिल्लो समय विकासका नाममा विनाश बढ्दै गएकोले अब जलवायुमैत्री विकासमा ध्यान दिनुपर्ने बताउनुभयो। "विगत एक दशकदेखि नेपालमा डोजरे विकास भयो, विकास गर्दा वातावरणमैत्री विकासमा जोड दिन सकेनौँ", उहाँले भन्नुभयो।

"धेरै स्थानीय तहमा कच्ची सडक विस्तार भइसकेको छ, अब कालोपत्रको युग सुरु हुन्छ, र सडक सुविधाबाट सर्वसाधारण लाभान्वित हुनेछन्", उहाँले भन्नुभयो।

नेपालको विकास कछुवाको गतिमा अगाडि बढेको र त्यसलाइ छिटो बनाउनुपर्ने र विकास गर्दा वातावरणीय पक्षलाई ख्याल गर्नुपर्ने उहाँको तर्क छ।

# कर्णालीमा नयाँ सरकारका लागि आह्वान

काँक्रेविहार (सुर्खेत), २१ चैत। कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियारले नयाँ सरकार गठनका लागि दाबी पेस गर्न दलहरूलाई आह्वान गर्नुभएको छ। उहाँले आज विज्ञप्ति जारी गर्दै दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार बनाउनका लागि दलहरूलाई आह्वान गर्नुभएको हो।

कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माले आफ्नो पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख परियारले नयाँ सरकार गठनका लागि दलहरूलाई आह्वान गर्नुभएको हो। नयाँ सरकार गठनका लागि दाबी पेस गर्ने समय यही चैत २७ गते दिउँसो ५:५० बजेसम्मको दिइएको छ।

यसअघि मुख्यमन्त्री शर्माले प्रदेशसभालाई सम्बोधन गर्दै पदबाट राजीनामा घोषणा गरी प्रदेश प्रमुख परियारसमक्ष राजीनामा पेस गर्नुभएको थियो। सत्ता समीकरण फेरिएसँगै काङ्ग्रेसले गत फागुन २२ गते कर्णाली प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। रासस

# मर्स्याङ्दी जलविद्युत् केन्द्रमा ३० मेगावाट विद्युत् उत्पादन

तनहुँ, २१ चैत । जिल्लाको आँबुखैरेनी गाउँपालिका-४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रको विद्युत् उत्पादन घटेर ३० मेगावाटमा झरेको छ । यसवर्ष लामो समयसम्म पानी नपरेकाले ठूलो परिमाणमा विद्युत् उत्पादन घटेको हो ।

सुख्खा यामसँगै नदीमा पानीको बहाव कम भएकोले ५० प्रतिशतभन्दा बढी मेगावाट विद्युत् उत्पादन घटेको केन्द्रले जनाएको छ । ६९ मेगावाट क्षमताको केन्द्रमा हाल ३९ मेगावाट विद्युत् उत्पादन घटेर ३० मेगावाट मात्र भइरहेको केन्द्रका प्रमुख इन्जिनियर पशुपति गौतमले जानकारी दिनुभयो ।

लामो समयसम्म पानी नपर्दा, लामो समयसम्म सुख्खा रहँदा नदीमा मिसिने खोला, झरना, खोल्सोको पानी घट्नुका साथै कतिपय खोला सुकेकोले उत्पादन घटेको उहाँले बताउनुभयो । हाल सुख्खा मौसम भएकाले यस नदीमा मिसिने स्रोतमा पानीको बहाव कम भएपछि उत्पादन घटेको गौतमको भनाइ छ ।

वैशाख लागेपछि घाम पनि चर्को हुँदै जाने भएकोले हिउँ धेरै पग्लने र वर्षा बढी हुने सम्भावना बढ्ने भन्दै उत्पादन पनि बढ्दै जाने इन्जिनियर गौतमले बताउनुभयो । सुख्खा मौसममा विद्युत् उत्पादन कम भएपछि प्राधिकरणले भारतबाट विद्युत् आयात गर्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।

मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो । चिसो मौसममा तापक्रम घट्दै जाँदा हिउँ कम पग्लिने र वर्षा नहुँदा यसका सहायक नदी, खोला, खोल्सो, झरनामा पानीको बहाव घटेर विद्युत् उत्पादन पनि घट्ने गरेको गौतमले बताउनुभयो ।

यस केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौंको स्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

# नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न काठमाडौं महानगरको आग्रह

काठमाडौं, २१ चैत । काठमाडौं महानगरपालिका शिक्षा विभागले महानगरपालिकाअन्तर्गतका संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न आग्रह गरेको छ ।

महानगरपालिका शिक्षा विभागले आज एक सार्वजनिक सूचना प्रकाशित गरी महानगरपालिकाअन्तर्गतका संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न आग्रह गरेको हो ।

शिक्षा नियमावली, २०५९ ( संशोधन सहित) को नियम १५४ (१) तथा काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ७० मा नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्नुपर्ने व्यवस्था रहेको महानगरले स्मरण गराएको छ ।

महानगरपालिकाअन्तर्गतका अधिकांश संस्थागत विद्यालयहरूको नाम यो व्यवस्थाको प्रतिकूल देखिएकाले सूचना प्रकाशित भएको मितिले सात दिनभित्र महानगरस्थित शिक्षा विभागमा सम्पर्क गर्न निर्देशन दिइएको छ ।

सात दिनभित्रमा सम्पर्क गरी मौलिक नामकरणको प्रक्रिया अगाडि नबढाएमा विद्यार्थी भर्ना प्रक्रियामा रोक लगाउनेसहित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने महानगरको शिक्षा विभागद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

विद्यालयको मौलिक नामकरणका लागि विद्यालय व्यवस्थापन समितिबाट प्रस्तावित नाम निर्णय गराएर ३५ दिनभित्र महानगरमा निवेदन दिन निर्देशन दिइएको छ ।

# बेचिनबाट जोगिए पाँच महिला, होटलबाट उद्धार

काठमाडौं, २१ चैत । वैदेशिक रोजगारीका नाममा बेचिन लागेका पाँच महिलाको उद्धार गरिएको छ । मानव बेचबिखन तथा अनुसन्धान ब्युरोले विदेश जाने बहानामा बेचिनबाट जोगिएका ती महिलालाई उद्धार गरी अहिले आवश्यक परामर्श गरिरहेको र उक्त घटनाको अनुसन्धान पनि थालिएको जनाएको छ ।


ब्युरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुँयालले उनीहरूलाई गिरोहले विदेश पठाउने भनेर काठमाडौंको गौशालास्थित एक होटलमा राखिएको अवस्थाबाट उद्धार गरिएको जानकारी दिनुभयो ।

बहाना वैदेशिक रोजगारीको भए पनि उनीहरूलाई तेस्रो मुलुक लगेर बेचबिखन गर्न लागिएको पत्ता लागेपछि उद्धार गरिएको उहाँले बताउनुभयो । प्रारम्भिक अनुसन्धानमा आकर्षक तलब पाउने लोभ देखाएर उनीहरूलाई विदेशमा बेचबिखन गर्न लागिएको पाइएको प्रहरीले जनाएको छ ।

उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनामाथि अनुसन्धान गरिरहेको छ । ती गिरोहले यसअघि केही महिलालाई विदेश पठाउने बहानामा बिक्री गरेको पाइएपछि उनीहरूलाई उद्धार गरिएको हो । महिला बेचबिखनमा संलग्नमध्येका गणेशबहादुर कटुवाललाई चैत २ गते काठमाडौंको टोखा नगरपालिका- ५ बाट ब्युरोले पक्राउ गरेको थियो ।

उनीसँग सोधपुछ तथा अनुसन्धानको क्रममा सोही घटनामा संलग्न रहेको पाइएपछि फरार भएका आरोपीमध्ये ५८ वर्षका लक्ष्मीप्रसाद निला सिटौलालाई मङ्गलबार चैत २० गते काठमाडौंबाटै पक्राउ गरिएको हो । उनीहरूसँगको बयानका तथा थप अनुसन्धान गर्दै जाँदा त्यसरी विदेश पठाउने लोभ देखाएर थप पाँच महिलाहरूलाई पनि बेचबिखनमा संलग्न गराउनका लागि होटलमा राखेर आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी प्राप्त भएपछि प्रहरी टोली गौशालाको होटलमा पुगेको थियो ।

"सिटौलालाई पक्राउ गर्ने क्रममा उनले भ्रमण भिसामा दुबई हुँदै खाडी मुलुकहरूमा घरेलु कामदारको रूपमा आकर्षक तलब सुविधाको काममा लगाइदिने प्रलोभन देखाई थप पाँच जना महिलाहरूलाई लैजाने तयारी गरेको पाइएपछि तत्कालै होटलबाट उनीहरूलाई उद्धार गरिएको हो", प्रहरी उपरीक्षक फुँयालले भन्नुभयो ।



बुलबुले ताल

सुर्खेतको वीरेन्द्रनगरमा रहेको कर्णाली प्रदेशको प्रमुख पर्यटकीयस्थल बुलबुले ताल र आसपासको क्षेत्र । लामो समयदेखि जीर्ण रहेको यो ताल अहिले सरसफाइ गरी डुङ्गा चलाउने तयारी गरिएको वीरेन्द्रनगर नगरपालिकाले जानकारी दिएको छ । तस्बिर : सुरेश आचार्य/रासस

# पाठ्यपुस्तक सदरमुकाममा थन्किएपछि पठनपाठन प्रभावित

हुम्ला, २१ चैत । जिल्लाको उत्तरी क्षेत्रका विद्यालयको पाठ्यपुस्तक सदरमुकाम सिमकोटमा थन्किएपछि विद्यार्थीको पठनपाठनमा प्रभावित भएको छ । शैक्षिकसत्र गत फागुन २ गतेदेखि सुरु भए पनि पाठ्यपुस्तक नहुँदा पठनपाठन प्रभावित भएको हो ।

एक सातादेखि जिल्लामा परेको भारी हिमपातका कारण सदरमुकाम सिमकोटमा पाठ्यपुस्तक थन्किएको भन्दै गत फागुन २३ गते नाम्खा गाउँपालिकाका उपाध्यक्ष तक्दिर लामाको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराएको थियो ।

उपाध्यक्ष लामाका अनुसार कर्णाली करिडोरअन्तर्गतको सिमकोट-हिल्सा सडक खण्डमा हिमपात परेका आवागमन अवरुद्ध हुँदा पुस्तक सम्बन्धित विद्यालयमा पुऱ्याउन नसकिएको हो । पाठ्यपुस्तक अभावका कारण नाम्खा गाउँपालिकाका-१ देखि ६ र सिमकोट गाउँपालिकाका-७ र ८ मा रहेका विद्यालयको पठनपाठन प्रभावित बनेको सिमकोट-८ का वडाध्यक्ष कमलबहादुर बुढाले बताउनुभयो ।

सदरमुकाममा पुस्तक पुगे पनि बाटो अवरुद्धका कारण विद्यालयसम्म पुऱ्याउन नसकिएको सिमकोट-७ का वडाध्यक्ष बलवीर शाहीले बताउनुभयो । तत्काल सडकमा जमेको हिउँ पन्छाउनका लागि प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलसमक्ष अनुरोध गरिएको उहाँको भनाइ छ ।

नाम्खा गाउँपालिकाका १७ विद्यालयका एक हजार एक सय ५१ र सिमकोटका गाउँपालिका आठ विद्यालयका एक हजार चार सय ८७ जना विद्यार्थीको पठनपाठन प्रभावित भएको छ ।

**छपाइमा ढिलाइ हुँदा समयमै पुगेन पाठ्यपुस्तक**

जनक शिक्षा सामग्री केन्द्र सानोठिमी भक्तपुरले पुस्तक छपाइमा ढिलाइ गर्दा समयमै पाठ्यपुस्तक नपुगेको जिल्लामा ढुवानीको जिम्मा लिएको रोकाया पुस्तक पसलका प्रमुख धनजवा रोकायाले बताउनुभयो छ । उहाँका अनुसार सरकारले माध्यमिक तहसम्म निःशुल्क रूपमा दिँदै आएको पाठ्यपुस्तक केन्द्रले छपाइमा ढिलाइ गर्दा हुम्लामा आइनपुगेको हो । उहाँले हालसम्म १, २ र ५ कक्षाको पूरै थान पुस्तक छपाइमा ढिलाइ भएकाले विद्यार्थी पढाइबाट वञ्चित भएका बताउनुभयो ।

आफूले जिम्मा लिएको नाम्खा गाउँपालिकाका विद्यालयको एक हजार दुई सय थानमध्ये नौ सय थान र सिमकोट गाउँपालिकाको तीन हजार थानमध्ये दुई हजार दुई सय थान मात्र जिल्लामा आइपुगेको ढुवानीकर्ता रोकायाले जानकारी दिनुभयो । जिल्लामा आइपुगेका पाठ्यपुस्तकमध्ये सदरमुकाममा रहेका विद्यालयले लगिसकेका छन् । सदरमुकाम आसपास र नाम्खा गाउँपालिकाका केही विद्यालयका लागि आफूले बुझे पनि हिमपातका कारण गोदाममा थन्किएर वितरण गर्न नसकिएको रोकायाको भनाइ छ ।

हिमपातका कारण विद्यालयसम्म पाठ्यपुस्तक ढुवानीमा समस्या आएको भन्दै जनप्रतिनिधिले ध्यानाकर्षण गराएकाले तत्काल हिउँ पन्छाउने तयारी भइरहेको जिल्ला अधिकारी विनोदकुमार पोखरेलले जानकारी दिनुभयो ।

# गण्डकीमा नयाँ सरकार गठनका लागि आह्वान

कास्की, २१ चैत (रासस) । गण्डकी प्रदेशमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गर्नुभएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुधबार बिहान पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा, १६८ को उपधारा (२) बमोजिम सरकार गठनको लागि आह्वान गर्नुभएको हो ।

प्रदेश प्रमुखको कार्यालयले प्रेस विज्ञप्ति जारी गरी चैत २७ गते दिउँसो ३ बजेभित्र मुख्यमन्त्री दाबी गर्न समय दिइएको जनाएको छ । संविधानको धारा, १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई चैत २७ गते मङ्गलबार दिउँसो ३ बजेभित्र गण्डकी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि आफ्नो दाबी पेस गर्न आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले बताउनुभयो ।

यसैगरी, अर्को मन्त्रिपरिषद् गठन नभएसम्म संविधानको धारा, १६९ को उपधारा (३) बमोजिम यही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्ने गरी प्रदेश प्रमुखले तोक्नुभएको पनि जारी विज्ञप्तिमा उल्लेख छ ।

गण्डकी प्रदेशसभामा कूल ६० सदस्य छन् । यहाँ सरकार गठनका लागि ३१ सदस्यको समर्थन आवश्यक पर्दछ । यस प्रदेशसभामा नेपाली काङ्ग्रेसका २७, नेपाल कम्युनिस्ट पार्टी (एमाले) का २२, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सभामुखसहित आठ, राप्रपाका दुई र स्वतन्त्र एक सदस्य छन् ।

# नेपालको मुद्रास्फीति छ दशमलव सात प्रतिशत रहने विश्व बैङ्कको प्रक्षेपण

काठमाडौं, २१ चैत । विश्व बैङ्कले सन् २०२४ मा नेपालको उपभोक्ता मुद्रास्फीति अधिकतम छ दशमलव सात प्रतिशतसम्म रहने प्रक्षेपण गरेको छ ।

विश्व बैङ्कले सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट, अप्रिल २०२४' अनुसार आगामी वर्ष अर्थात् सन् २०२५ मा भने मुद्रास्फीति छ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको बजेटबाट सरकारले केही वस्तुको मूल्यअभिवृद्धि कर (भ्याट) मा छुट दिएकाले त्यसले पनि मुद्रास्फीति बढाएको उल्लेख छ ।

विश्व बैङ्कले औसत मुद्रास्फीति गत वर्ष आठ प्रतिशतबाट यस वर्ष छ दशमलव सात प्रतिशत हाराहारी रहने प्रक्षेपण गरेको छ । यस वर्ष खाद्य तथा पेय पदार्थको मुद्रास्फीति भने बढेको छ । चामल निर्यातमा भारतले लगाएको प्रतिबन्ध र मरमसलामा देखिएको मूल्यवृद्धिको असर समग्र समग्र मुद्रास्फीतिमा देखिएको छ ।

गत वर्ष अर्थात् सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत रहेकोमा यस वर्ष तीन दशमलव तीन प्रतिशत र आगामी वर्ष अर्थात् सन् २०२५ मा औसत पाँच प्रतिशत हाराहारी रहने प्रक्षेपण विश्व बैङ्कको छ ।

वस्तु आयात घटे पनि न्यून करका कारण विद्युतीय सवारी साधनको आयात भने बढेको छ । सेवा आयात कोभिड महामारीपूर्वको अवस्था भन्दा बढेको छ । जबकि, नेपालको निर्यात भने थोरै मात्र बढेको छ भने महामारी पूर्वको अवस्थामा अझै पुगिसकेको छैन ।

पुँजीगत खर्च बढाउने र भन्सार राजस्वमा आधारित निर्भरतालाई घटाउँदै लगेर आर्थिक वृद्धि हासिल गर्न सकिने विश्व बैङ्कले औँल्याएको छ ।

। सम्पादकीय ।

# दोषपूर्ण शिक्षा नीतिले अर्थतन्त्रमा नराम्रो प्रभाव

५-१० वर्षदेखि नेपालका विश्वविद्यालय र कलेजका प्राध्यापक र उपप्राध्यापकहरूले कक्षा होस् वा शिक्षासम्बन्धी विषयमा भन्ने गर्थे, “विदेशी बजारमा बिक्ने शिक्षाको आवश्यकता छ ।” सोअनुसार आईएलाई उच्च माध्यमिक शिक्षाको दुईवर्षे ११-१२ कक्षाको रूप दिइयो । बीएलाई दुई वर्षको ठाउँमा ३ र ४ वर्ष लगाइयो । यसको मुख्य कारण विदेशी विश्वविद्यालयहरूले मान्यता दिएनन् ।

छलफलहरूमा प्रश्न उठ्थ्यो, ‘के शिक्षा पनि बजारमा बिकिने वस्तु हो - लुगा र जुत्ताजस्तो ?’

दोस्रो प्रश्न थियो, ‘हाम्रा शिक्षा प्राप्त युवाहरू नेपालकै निम्ति हो वा कुनै अरू देशको बजारको निम्ति ?’

ती विश्वविद्यालय र कलेजका प्राध्यापकहरूको आशय नेपालको विमानस्थलमा पढ्न जाने निहुँमा विदेशमा काम जाने लाखौँ युवाहरूको लामले प्रस्ट पाऱ्यो । के ती प्राध्यापकहरूले त्यो विचार नेपालमै बसेर गरेका थिए वा विदेशी पुस्तक वा विदेशको अध्ययनपछि फुरेको हो ? छलफलकै विषय हो ।

१९ औँ शताब्दीमा बेलायती साम्राज्यवादको निम्ति नेपाल स्वयं एक ‘समस्या’ वा ‘च्यालेन्ज’ थियो । यसकारण, बेलायती साम्राज्यवादीहरूले नेपाली युवाहरूलाई ‘गोर्खा भर्ती’ र ‘गोर्खा सिपाही’ को रूपमा लगे - संसारका अन्य मुलुकहरूमा साम्राज्य विस्तारको निम्ति ।

२००७ सालपछि बेलायती साम्राज्यवाद र स्वतन्त्रतापछिको भारतीय विस्तारवादले ‘गोर्खाली सेना’ लाई बेलायतीहरूले जस्तै भारतीय कामदार जनताको तेलंगाना आन्दोलन दबाउन र अन्य आन्दोलनहरू दबाउन प्रयोग गऱ्यो ।

भारत-चीनबिचको सीमा लडाइँ र पाकिस्तानविरुद्ध ‘मुक्ति बाहिनी’ को नाम दिई नेपाली गोर्खालीहरूलाई भारतीय विस्तार वादले प्रयोग गऱ्यो ।

अहिले नेपाली युवाहरूलाई गोर्खालीको बिल्ला नलगाई अफगानिस्तान, इराक, सिरिया, लिबिया, इजरायल, युक्रेन र रूसमा राणा र नेपाली काङ्ग्रेसको सरकारले जस्तै नक्कली कम्युनिस्ट सरकारले पनि पठाएको साबित हुँदै छ ।

यस परिणामबारे नेपाली काङ्ग्रेसको सरकारले २०-३० वर्ष अगाडि डा. रामशरण महतले आफ्नो बजेट भाषणमार्फत पहिलोचोटि हरेक संसदीय निर्वाचन क्षेत्रबाट दुई दुई सय युवाहरू श्रमको निम्ति विदेश पठाउने घोषणा गरेका थिए । यसबाट प्रस्ट भयो - विश्वविद्यालयका केही प्राध्यापकहरूको ‘नेपालको शिक्षा विदेशी बजारमा’ विकाउने योजनाको अर्थ । ती प्राध्यापकहरू नेपालको हितमा होइन साम्राज्यवादीहरूको हितमा बोल्दै छन् । विदेशी पुँजी र साम्राज्यवादको हितमा बोल्नेहरूलाई नरम भाषामा विदेशी ‘परस्त’ वा तड्कारो भाषामा एजेन्ट वा दलाल । एजेन्ट र दलालको अर्थ बिचौलिया भई पैसा लिने हो । अब नेपाली युवाहरूले सोच्ने र खोज्ने बेला भएको छ - ती तथाकथित प्राध्यापकहरू कुन कुन देशको कुन कम्पनी र विभागबाट सञ्चालित छन् ?

नेपाली विद्यार्थीहरूलाई ‘विश्व बजारमा बिक्ने सामान बनाउने’ दोषपूर्ण दृष्टिकोणलाई व्यवहारमा ल्याउँदा ‘प्रतिमहिना ९-१० अर्ब रकम विद्यार्थीबाट बाहिरिने गरेको राष्ट्र बैङ्कले आकलन’ गऱ्यो । ‘गत आर्थिक वर्षको सोही अवधिमा २२ अर्ब ९० करोड अर्थात् ५२३ प्रतिशत बढी बाहिरियो ।’ समाचारको शीर्षक छ - ‘वैदेशिक अध्ययनमा सात महिनामा बाहिरियो ६६ अर्ब ६४ करोड ।’ (नयाँ पत्रिका, २१ चैत २०८०)

विडम्बनाको विषय हो, ‘मध्य चैतसम्म ८५ हजारले वैदेशिक अध्ययनको अनुमति लिएको’ सो शाखाले बतायो । (नयाँ पत्रिका, २१ चैत २०८०)

# नेपाली समाजमा आर्थिक सङ्कटभन्दा नैतिकताको सङ्कट बढी डरलाग्दो !

✍ सुरेन्द्रराज गोसाई



**हाम्रा पार्टी अध्यक्षले भन्नुभएको अर्को प्रसङ्ग पनि यहाँ राख्छु, “बरोबर अवसर पाएर पनि यदि योग्यता देखाउन सकिएन भने त्यो नालायक हो ।” यस कसीमा पनि हामीले घोटौँ ! क-कसले दिएको उपदेश त मान्नुपर्छ, स्वीकार्नुपर्छ भने यी कुराबारे पनि एकपटक गम्भीरतापूर्वक आत्मसमीक्षा गर्न अनुरोध छ । कम्युनिस्टहरूका पिता कार्ल मार्क्सले कतै उल्लेख गर्नुभएको थियो, “मैले बनाउन खोजेको त आगो ओकल्ने ड्रागन हो । यहाँ त गड्यौलाहरूको जन्म भयो ।” कतै नेपालमा कम्युनिस्ट दाबी गर्ने शासक दलहरूलाई हेरेर त्यतिखेरै लेखेर जानुभएको हो कि भन्ने अहिले आशङ्का लागिरहेको छ !**

आजका समाचारपत्र तथा खबरहरूले आज ‘अप्रिल फर्स्ट’ को दिन भएको बताए । शासक दलका नेताहरूको कुरा सुन्दा कतै यहाँ पनि ढँटुवा दिवस त मनाइँदै छैन भन्ने लाग्यो । जनतालाई मूर्ख बनाउने, उल्लु बनाउने, ढाँट्ने, फेरि पनि ढाँट्ने काम निरन्तर चालु छ ! शासक दलहरूले त्यो खालको प्रवृत्ति, त्यो खालको चरित्र नदोहोऱ्याऊन् भन्ने हाम्रो शुभेच्छा छ । सरकार बैठक बोलाउँदैन, यस्तै ‘ढँटुवा दिवस’ को अवसर जुराएर बोलाउँछ ! यो के हुँदै छ ? जनताको प्रश्न छ ।

अहिले यहाँ प्रदेश सरकारको पन्ध्र-सोह्र महिनाको गणना भइरहेको छ । यति अवधिभित्र कति जना मन्त्री बने, कति जना मन्त्री हटे ? त्यो ठुलो सरोकारको वा जनताको चासोको विषय होइन । मन्त्री आयो या गयो, जनता त्यसप्रति एकदम उदासीन छन् । मन्त्रीहरूको मुखै हेर्दिन भन्नेहरू पनि छन् । मुख्य कुरा जनतालाई चाहिने विधि, ऐन–कानुन कति बने ? वाग्मती प्रदेश सभाले वाग्मती प्रदेशका लागि चाहिने नीति निर्माण गऱ्यो कि गरेन ? विधि निर्माण गऱ्यो कि गरेन ? योजना नयाँ खालको ल्यायो कि ल्याएन ? कार्यक्रमहरू के कस्ता ल्यायो ? जनताको चासोको विषय यही नै हो । जबसम्म ती कुराहरूमा हामी ध्यान दिँदैनौँ तबसम्म सरकार परिवर्तनका जतिसुकै परीक्षाहरू हामी देऔँ, त्यो व्यर्थ हुनेछ । अहिले विद्यालयहरूमा अन्तिम परीक्षा चल्दै छ । कतै सरकारको पनि यो अन्तिम परीक्षा त चल्दै छैन ? त्यसकारण, शासक दल र शासक दलका नेताहरूले यी विषयमा बेलैमा सोचून् भनी हामी सचेत पार्न चाहन्छौँ ।

विनियोजित बजेटको स्थिति के छ ? हामी अर्को नयाँ बजेटमा जानैपर्ने, पुग्नैपर्ने बाध्यता पनि छ । अहिले विद्यमान बजेटको हालत के छ ? के यथार्थ हामी जनतालाई भन्न सक्छौँ ? मन्त्रीहरू जनताबिच गएर बोल्ने स्थितिमा छन् कि छैनन् ? समीकरण जनताको चासोको विषय होइन । गठबन्धन निर्माण भयो, को-को सँग मिल्यो ? हिजो रातिसम्म एउटा, आज बिहान अर्कोसँग भन्ने आहान अब नेपालमा पनि चलिसकेको छ । यो स्थिति के स्वाभाविक हो ? गठबन्धनको निर्माण, भत्काउने र बनाउने जुन खेल चल्दै छ, के हामीलाई एकदम आनन्द आइरहेको छ ? के तपाईं आनन्दपूर्वक सुत्न सकिराख्नुभएको छ ? जनताबिच गर्वका साथ तपाईं प्रस्तुत हुन सक्नुहुन्छ ? यी यक्ष प्रश्नको रूपमा खडा छन् ।

यतिखेर हाम्रा पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भन्नुभएको झल्झली याद आउँदै छ, “लोभीहरू, बेइमानहरू कम्युनिस्ट बनेका छन् भने ती कम्युनिस्ट नै होइनन् । लोभी, स्वार्थी कम्युनिस्ट हुनै सक्दैनन् । यदि बनेका छन् भने तिनीहरू कम्युनिस्ट नै होइनन् ।” एकचोटि आत्मसमीक्षा र आत्ममूल्याङ्कन गरौँ ! कम्युनिस्ट दाबी गर्ने हाम्रा मित्रहरूलाई अनुरोध छ ।

हाम्रा पार्टी अध्यक्षले भन्नुभएको अर्को प्रसङ्ग पनि यहाँ राख्छु, “बरोबर अवसर पाएर पनि यदि योग्यता देखाउन सकिएन भने त्यो नालायक हो ।” यस कसीमा पनि हामीले घोटौँ ! क-कसले दिएको उपदेश त मान्नुपर्छ, स्वीकार्नुपर्छ भने यी कुराबारे पनि एकपटक गम्भीरतापूर्वक आत्मसमीक्षा गर्न अनुरोध छ । कम्युनिस्टहरूका पिता कार्ल मार्क्सले कतै उल्लेख गर्नुभएको थियो, “मैले बनाउन खोजेको त आगो ओकल्ने ड्रागन हो । यहाँ त गड्यौलाहरूको जन्म भयो ।” कतै नेपालमा कम्युनिस्ट दाबी गर्ने शासक दलहरूलाई हेरेर त्यतिखेरै लेखेर जानुभएको हो कि भन्ने अहिले आशङ्का लागिरहेको छ !

यहाँ विश्वासको मतबारे छलफल चल्दै छ । पन्ध्र महिनामा तेस्रोपटक विश्वासको मत मागिँदै छ ! योभन्दा अगाडि विश्वासको मत लिँदा सबै दल र एकातिर नेमकिपा एक्लै अर्कोतिर थियो ! नेमकिपाले संसदीय व्यवस्थाको एउटा सौन्दर्य पनि हुन्छ, त्यो जोगाउनुपर्छ र प्रतिपक्षको भूमिका निर्वाह गर्ने शक्ति पनि आवश्यक हुन्छ भनेर त्यतिखेर पनि भनेका थियौँ । आज पनि ‘मास हिस्टेरिया’ बाट नेपालको राजनीतिमा कमसेकम नेमकिपा निरन्तर अलग्ग छ । राजनीतिक धर्म र राजनीतिक नैतिकताको विषयमा फेरि पनि अडिग छौँ र त्यसबारे हामी बहस गर्न तयार छौँ ।

आज हामी जुन किसिमको खेल खेलिरहेका छौँ, त्यो स्वाभाविक देखिन्न । यसमा कुन तत्त्व हाबी भइरहेको छ ? कुन प्रतिक्रियावादी तत्त्व या कुन देशी–विदेशी तत्त्व चलखेल गर्दै छ ? एकपटक हामी संवेदनशील भएर सोचौँ ! घात–प्रतिघातको खेल अति भयो, जनता यही भन्दै छन् । प्रजातन्त्रवादी, लोकतन्त्रवादी, गणतन्त्रवादी जोसुकैबाट घात–प्रतिघात भएको किन नहोस्, त्यो हामीले सदाका निम्ति टुङ्ग्याउनैपर्छ ।

अहिले हामी भोग्दै छौँ, देशको अर्थतन्त्र एकदमै सिकिस्त अवस्थामा छ । देश अत्यन्त बेहाल अवस्थामा छ । हामी सबैलाई यसबारे थाहा भएर पनि गम्भीर हुन सकिरहेका छैनौँ । त्यो बमोजिम आफूलाई जिम्मेवार बनाउन सकिरहेका छैनौँ । त्यसको एउटा कारण छ । आर्थिक सङ्कट त आइरहन्छ । त्यसमा केही बन्दोबस्त मिलाएपछि त्यसको समाधान गर्न सक्छौँ । तर, नेपालको खास सङ्कट भनेको नैतिकताको सङ्कट हो । यसको कारण सारा अरू राजनीतिक, सामाजिक तथा आर्थिक सङ्कटहरू निम्त्याइएका हुन् । नेपाली समाजमा त्यो नैतिकताको सङ्कट राजनीतिमा डरलाग्दो किसिमले फैलिरहेको देखिरहेका छौँ । त्यसलाई समाधान वा अन्त्य गर्नेतर्फ अगाडि बढ्न सक्छौँ कि सक्दैनौँ ? मन, वचन र कर्मले । यहाँ इमानदारीको सङ्कट छ, विश्वासको सङ्कट छ । बाँकी दुनियाँ र छिमेकी देशले हाम्रो मूल्याङ्कन गर्ने बेलामा तिनीहरूको नजरमा हामी कस्ता होऔँला ? त्यो कोणबाट पनि हेरौँ भन्ने विनम्रतापूर्वक अनुरोध गर्दछु ।

एकजना सुविख्यात मनोचिकित्सकले भन्नुभएको छ, “सधैँ पैसा, पैसा, पैसामात्र भन्नु पनि मनोरोग हो । सधैँ पद, पद, पद भन्नु पनि मनोरोग हो ।” नेपाली समाजमा त्यो मनोरोगलाई सरल भाषामा पागलपन भनिन्छ । त्यो पागलपनविरूद्धमा उभिने, आफूलाई खरो रूपमा उतार्न सक्छौँ कि सक्दैनौँ ? यो जुन किसिमको प्रवृत्तिगत समस्या छ नेपाली समाज र राजनीतिमा, त्यसको विरूद्ध आफूलाई उभ्याउनु कम्युनिस्टहरूको पहिलो कर्तव्य हो । हामीले त्यो गर्न सकेनौँ भने हामीलाई अर्को निर्वाचन होइन अहिले नै जनताले सजाय दिनेछन् । यसतर्फ हामी सबै सजग होऔँ !

हामीले स्टालिनलाई सम्झनैपर्छ । दोस्रो विश्वयुद्धमा हिटलरलाई परास्त गर्न नेतृत्व गर्ने रूसका समाजवादी नेता स्तालिन नै हुन् । स्तालिनलाई समेत आफ्नै पार्टीभित्रका कार्यकर्ता, नेताहरूले विष खुवाएर हत्या गरेको इतिहासमा हामी पढ्न पाउँछौँ । नेपालमा प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्रीहरूलाई पनि आफ्नै पार्टी, गठबन्धनभित्रकै खराब कार्यकर्ता, नेताहरूबाट समाप्त पार्ने प्रयास भएको खबर सुन्न नपरोस् भनेर हामी कामना गर्दछौँ । षड्यन्त्रको राजनीति, विश्वासघात तथा अनैतिकताको राजनीति पार्टीभित्र मौलाएपछि त्यस्तै कुराको जन्म हुन्छ । आज सरल तथा सामान्य लाग्ला । सरकारमा हामी मन्त्री बन्यौँ, जित्यौँ भन्ने लाग्ला तर षड्यन्त्र, छलकपट, धोखा, बेइमानीको राजनीतिले त्यही स्थितिमा पुऱ्याउने त होइन भन्ने चिन्तामा छौँ । नैतिकताविहीन राजनीतिले दु:खद परिणाम ल्याउँछ । त्यसकारण, फेरि पनि मूल्य–मान्यताको राजनीति, सिद्धान्त र विचारको राजनीति, कामदार वर्गीय भावनाको राजनीति गर्नु जरूरी छ । वर्गीय भावनालाई तिलाञ्जली दिएर कोही कसैले कम्युनिस्ट दाबी गरिराख्नुको कुनै तुक हुनेछैन । यो विषयमा पनि एक हिसाबले हाँक वा अनुरोध गर्न चाहन्छौँ ।

उद्देश्यबाट हामी विचलित भयौँ भने, विचारमा हामी यदि अडिग हुन सकेनौँ भने कार्यकर्ताहरू सबै भ्रष्टाचारी नै भ्रष्टाचारी बन्दा रहेछन् ! नेताहरूसमेत भ्रष्टाचारी बन्दा सारा कार्यकर्ताहरू पनि त्यही बाटोमा हिँडिरहेको देखिरहेका छौँ । अहिले नेताहरू जेल जाँदै छन् । कोही जेल जाने क्रममा छन् । यो भ्रष्टाचार, बेइमानी, अनैतिकताको स्थितिलाई पनि हामीले टुङ्ग्याउनैपर्छ । जो जो नेपाली जनताको राजनीति गर्छौं भन्छौँ, तिनीहरूले यो स्थितिबारे पनि गम्भीरता अपनाउन आवश्यक छ ।

अहिले देशको आर्थिक टाटपल्टाइको जुन स्थिति छ, बेइमानीको तथा अविश्वासको स्थिति छ, त्यो कतिञ्जेलसम्म कायम रहन्छ भनेर जनता अत्यन्त चिन्तित छन् । त्यसको जवाफ वाग्मती प्रदेश सरकार र वाग्मती प्रदेशमा क्रियाशील पार्टी, राजनीतिक कार्यकर्ताहरूले त्यसको जवाफ दिनुपर्ने अहिलेको आवश्यकता छ । एकजना विद्वानले भनेका थिए, Give them bread and circuses and they will never revolt. यसको तात्पर्य हो, यदि कसैलाई विद्रोही हुनबाट च्युत बनाउने हो भने उसलाई रोटी फ्याँकिदेऊ । उसलाई सर्कसतिर लगाऊ अर्थात् सरकारमा पठाऊ ! अनि, ऊ विद्रोही बन्दैन, जनपक्षीय बन्दैन, अर्कै अर्कै बन्छ । कतै त्यो भनाइ पनि नेपालको सन्दर्भमा, हाम्रा वामपन्थी दाबी गर्नेहरूको सन्दर्भमा, आफूलाई कम्युनिस्ट दाबी गर्नेहरूको सन्दर्भमा लेखिएको त होइन ? त्यसकारण, विचार पुऱ्याऔँ ! शब्दले होइन व्यवहारले । शब्दले भन्दा पनि कामबाट हामीले जवाफ दिन सकेको खण्डमा उचित होला ।

नेपाल मजदुर किसान पार्टीलाई आज सर्वसाधारण जनताले पनि चिनिसकेका छन् । नेमकिपालाई स्थायी प्रतिपक्ष भन्नेहरू पनि धेरै छन् । नेपाल मजदुर किसान पार्टीले आजभन्दा ३३ वर्ष अगाडिदेखि संसदीय अभ्यासमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आइरहेको छ । ३३ वर्ष अगाडि हाम्रा पार्टीका अध्यक्षले केन्द्रीय संसद्मा देश र जनताको पक्षमा नेमकिपा प्रखर प्रतिपक्षमा बस्ने घोषणा गर्नुभएको थियो । आज सर्वसाधारणबिच नेपाल मजदुर किसान पार्टी एउटा चोखो पार्टी बाँकी छ भन्ने चर्चा छ । सरकारमा नगई, कहिले यता कहिले उता होइन, कहिले लेफ्ट कहिले राइट, लेफ्ट–राइट – लेफ्ट–राइट होइन, अडानको राजनीति गर्ने एउटा चोखो, पवित्र पार्टीको रूपमा पनि नेपाली जनताले चिन्दै छन् । यो पटक नेपाल मजदुर किसान पार्टी यो विश्वासको मतको सन्दर्भमा तटस्थ रहने जानकारी सभामुखमार्फत यो सदनलाई अवगत गराउँछु ।

*(वाग्मती प्रदेश सभामा नेकपा माओवादी केन्द्रका शालिकराम जमकट्टेलले तेस्रोपटक राखेको विश्वासको मतको प्रस्तावमाथि चैत १९ गते भएको छलफलमा भाग लिँदै नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले राख्नुभएको विचार सामान्य सम्पादनसहित प्रस्तुत छ । मुख्यमन्त्री जमकट्टेलले जम्मा ५६ मत प्राप्त गरे । सरकार गठनका निम्ति चाहिने मत सङ्ख्या ५६ हो ।)*

खण्ड - २

# चीन–संरा अमेरिकी व्यापार तथा आर्थिक सहकार्यका तथ्यहरूको स्पष्टीकरण

संरा अमेरिकी प्रशासनले चीनमाथि थोपरेको उन्नत प्रविधि 'चोरी' को आरोप अपमानजनक छ । वैज्ञानिक र प्राविधिक विकासमा चीनको मिहिनेत र निरन्तरको प्रयासमाथिको अपमान हो यो आरोप । चिनियाँ राष्ट्र परिश्रम, बौद्धिकता, आविष्कारिता र रचनात्मकताबाट चिनिन्छ । चिनियाँ सरकारले विज्ञान, प्रविधि र शिक्षाबाट ठुलो भण्डार खडा गरेको छ । विज्ञान, प्रविधि र शिक्षामार्फत हौसला प्रदान गर्ने रणनीति, आविष्कार तथा अनुसन्धानकेन्द्रित विकासको रणनीति र चिनियाँ जनताको अथक मिहिनेत ( विशेषत: वैज्ञानिक मजदुरहरू) बाट नै चीनले विज्ञान र प्रविधिमा प्रगति गर्न सकेको हो । सन् २००० देखि चीनमा अनुसन्धान र विकास (Research and Development, R&D) मा भएको कुल खर्चको वार्षिक औसत वृद्धि दर करिब २० प्रतिशत त दर्ता नै भएको छ । सन् २०१७ मा चीनले R&D मा १७ खर्ब ६० अर्ब युआन (RMB) खर्च गऱ्यो । चीनको राष्ट्रिय तथ्याङ्क विभागका अनुसार यो तथ्याङ्क कुल गार्हस्थ उत्पादनको २.१३ प्रतिशत हो । यो तथ्याङ्क संरा अमेरिकापछि र आर्थिक सहकार्य एवम् विकासका लागि सङ्गठन (The organization for economic co-operation and Developent, OECD) (३६ देशहरूको सदस्यता रहेको आर्थिक सहकार्य र विकासका लागि गठित संस्था) देशहरूको औसत क्षमताको जतिकै छ ।

चीनमा उच्च शिक्षाको २६१३ ओटा सङ्घसंस्थाहरू छन् । करिब १०९०० अनुसन्धान संस्थाहरू छन् । ६२ लाख १० हजारभन्दा बढी मानिस अनुसन्धान र विकासमा संलग्न छन् । सन् २०१७, एक वर्षमा प्रत्यक्ष अनुसन्धान र विकास (R&D) मा संलग्न पूर्णकालीन व्यक्तिहरूको सङ्ख्या ४० लाख ३० हजार थिए । चिनियाँ राष्ट्रिय तथ्याङ्क विभागका अनुसार जसमध्ये ७७.३ प्रतिशत इन्टरप्राइजेजमा थिए । त्यो वर्ष चीन, संरा अमेरिका र जापानपछि तेस्रो स्थानमा सूचिकृत भएको थियो । करिब ११३ चिनियाँ इन्टरप्राइजेजहरू 'द २०१७ ग्लोबल इनोभेसन १०००' मा सूचिक्रित गराइए । २००८ जुलाइमा विश्व बौद्धिक सम्पत्ति सङ्गठन WIPO (World Intellectual Property Organization) द्वारा जारी गरिएको 'विश्वव्यापी आविष्कारिकता सूचाङ्क २०१८' का अनुसार चीन सन् २०१६ मा २२ औँ श्रेणीबाट सन् २०१७ मा १७ औँ श्रेणीमा उक्लेको छ । सन् २०१७ मा चीनमा प्याटेन्ट आवेदन (Patent Application) ३६ लाख ९८ हजार पुग्यो । चीनको राष्ट्रिय तथ्याङ्क विभागका अनुसार त्यसमध्ये १८ लाख ३६ हजार प्याटेन्ट स्वीकृत गरियो । चीनको आविष्कार प्याटेन्ट आवेदन १३ लाख ८२ हजार पुग्यो जुन वर्षको १४.२ प्रतिशतले बढिरहेको छ । सात वर्ष लगातार चीन विश्वकै पहिलो स्थानमा रहन सफल भएको छ । WIPO को तथ्याङ्कअनुसार सन् २०१७ मा चीनले प्याटेन्ट सहकार्य सन्धि Patent Co-operation Treaty (PCT) मार्फत करिब ४९ हजार अन्तर्राष्ट्रिय प्याटेन्ट आवेदन भऱ्यो । यसरी आवेदन दिने देशमा चीन संरा अमेरिकापछि दोस्रो स्थानमा पर्छ । विश्वका प्रमुख ५० अन्तर्राष्ट्रिय प्याटेन्ट आवेदकमध्ये १० चिनियाँ इन्टरप्राइजेज नै छन् ।

संरा अमेरिकी पूर्वअर्थमन्त्री (Secretary of treasury) एवम् प्रख्यात अमेरिकी अर्थशास्त्री ल्यारी समर्स (Larry Summers) ले भनेका थिए, "तपाईं मलाई सोध्नुस्, चीनको प्राविधिक प्रगति या विकास कहाँबाट आयो ? यो बृहत् सङ्ख्या र अति परिश्रमी उद्यमीहरूबाट आयो जसले आधारभूत विज्ञानमा सरकारले गरिरहेको ठुलो लगानीबाट लाभ लिइरहेका छन् । यो उत्कृष्टता, विज्ञान र प्रविधिलाई प्रमुख प्राथमिकतामा दिइएको शिक्षा प्रणालीको उपज हो । यही प्रणालीबाट विकसित नेतृत्व हो, कुनै संरा अमेरिकी कम्पनीहरूको केही अंशबाट प्राप्त भएको होइन । (ल्यारी समर्स प्रविधिमा चीनको राज्य लगानीका प्रशंसक हुन् ।) उनी भन्छन्, "चीनलाई कहीँबाट बौद्धिक सम्पत्ति चोर्न आवश्यक छैन ।"

**४. बौद्धिक सम्पत्ति अधिकार सुरक्षण खारेज गरिनु हुँदैन भन्ने विषयमा चीनले गरेको कडा मिहिनेत र प्राप्त गरेका सफलताहरू -**

बौद्धिक सम्पत्तिको अधिकार (Intellectual Property Rights–IPR) सुरक्षाको सन्दर्भमा चीनको धारणा स्पष्ट र स्थिर छ । विधि निर्माण, कानुन तथा न्यायपालिकामार्फत बौद्धिक सम्पत्ति अधिकार सुरक्षालाई सबलीकरण गर्दै आएको छ र यसमा केही उल्लेख्य सफलता पनि हासिल गरेको छ । २०१६ अगाडिका संरा अमेरिकी औपचारिक प्रतिवेदनहरूले पनि IPR सुरक्षामा चीनको सफलतालाई सम्मान गरेको छ । अमेरिकी चेम्बर अफ कमर्सद्वारा प्रकाशित चीनको व्यापारिक वातावरण सर्वेक्षण प्रतिवेदनमा जनाइएको छ कि चीनमा त्यहाँको सदस्य इन्टरप्राइजेजहरूले सामना गरिरहेको मुख्य चुनौतीमध्ये IPR उल्लङ्घन थियो, जुन सन् २०११ मा ७ औँ ठुलो चुनौतीबाट सन् २०१८ मा १२ औँ स्थानमा पुगेको थियो ।

हालसालै संरा अमेरिकाले चीनको IPR सुरक्षाको सन्दर्भमा लगाएका आरोपहरू असत्य र निराधार छन् । IPR सुरक्षाको सवालमा चीनले गरेको मिहिनेत र प्राप्त गरेको सफलताप्रति संरा अमेरिकाले पूर्णत: अपमान गरेको र आँखा चिम्लेको स्पष्ट छ ।

चीनले बौद्धिक सम्पत्ति सुरक्षाका लागि थुप्रै कानुन र विनियमहरू बनाएको तथा परिष्कृत गरेको छ साथै IPR सुरक्षाको निम्ति फराकिलो मार्गचित्र कोरेको छ । चीनले छोटो समयमा पूर्ण विकसित र उच्चस्तरीय बौद्धिक सम्पत्ति सुरक्षाका लागि कानुनी रूपरेखा तयार पाऱ्यो । तुलनात्मकरूपमा विकसित देशहरूले यही कानुनी प्रणाली निर्माणको लागि दशकौँ या सोभन्दा बढी समय खर्चन्छन् । बौद्धिक सम्पत्ति सुरक्षण, प्रयोग र प्रशासन, बृहत्तर कानुन, योजना, नीतिहरू र नियमनकारी निकायहरूको हकमा चीन एक नेतृत्वकर्ता देशको रूपमा उदाउँदै छ । WIPO का पूर्वनिर्देशक डा. अरपाड बोग्स (Arpad Bogsh) ले भनेका थिए, "चीनले बौद्धिक सम्पत्ति सुरक्षाको हकमा यति तीव्र काम गऱ्यो कि इतिहासमा कसैको गतिसँग मेल खाँदैन ।"

सन् २०१३ मा चीनले ट्रेडमार्क कानुन संशोधन गऱ्यो । दण्डयोग्य क्षति (Punitive Damage) को प्रणाली बसाल्यो । यसअन्तर्गत क्षतिपूर्ति ५ लाख युआन RMB बाट ३० लाख पुऱ्याएर उल्लेखनीय ढङ्गले सुरक्षा प्रणाली बलियो बनायो । सन् २०१४ मा प्याटेन्ट कानुनको चौथो मुख्य संशोधनदेखि चीनले प्याटेन्टको सुरक्षाका लागि थुप्रै महत्त्वपूर्ण उपाय अवलम्बन गरेको छ । उदाहरणको लागि नियम उल्लङ्घन गर्नेलाई कडाभन्दा कडा सजाय दिने, प्रमाणको नियम परिष्कृत गर्ने, प्रशासकीय सुरक्षालाई बढावा दिने, साइबर स्पेसको सवालमा अत्यन्त राम्रो प्याटेन्ट सुरक्षाको बन्दोबस्त गर्ने आदि ।

सन् २०१७ मा चीनले अनुचित प्रतिस्पर्धाविरुद्धको कानुन 'Anti-Unfair Competition Law' संशोधन गऱ्यो । त्यसले व्यापारिक गोप्यता, सुरक्षा, दुविधा पहिचान ऐन, सङ्केतहरूका लागि सुरक्षाको घेरा फराकिलो बनाउने, गैरकानुनी कार्यविरुद्ध कानुनी दायित्व उठाउने कार्यहरूमा सुधार गऱ्यो । सन् २०१७ को अक्टोबर १ मा चीनले नागरिक कानुनको सामान्य प्रावधानहरू 'General Provisions of the Civil Law' अवलम्बन गऱ्यो, जसले 'नागरिक एकाइहरूबाट कानुनले निर्दिष्ट गरेअनुरूप नै बौद्धिक सम्पत्ति अधिकार प्रयोग गर्ने अधिकार सुनिश्चित गऱ्यो ।' व्यापारिक गोप्यताहरूको सुरक्षा बौद्धिक सम्पत्ति सुरक्षाको एउटा महत्त्वपूर्ण पक्षको रूपमा स्थापित भयो ।

बौद्धिक सम्पत्ति सुरक्षाका लागि चीनले न्यायिक सुरक्षालाई बढी महत्त्व दियो र सम्पूर्ण अधिकार न्यायिक सुरक्षा निकायलाई सुम्पियो । सन् २०१४ मा चीनले पेइचिङ, साङ्घाई र क्वाङचाओ गरी तीन विशेष ठाउँमा बौद्धिक सम्पत्ति न्यायाधिकरण खडा गऱ्यो । यसले प्याटेन्टसँग सम्बन्धित अन्तरक्षेत्रीय बौद्धिक सम्पत्तिका मुद्दाहरू हेर्ने र सल्टाउने काम गर्दछ । सन् २००९ यता चीनले थ्यानचिङ, नानचिङ, सुचाउ, उहान, सियानलगायत अन्य सहरमा करिब १६ ओटा विशेष न्यायिक अङ्ग स्थापना गऱ्यो जसले प्रभावकारी ढङ्गबाट बौद्धिक सम्पत्तिका मुद्दाहरूको व्यावसायिक व्यवस्थापन र समाधानलाई तीव्रता दियो । सन् २०१३ र २०१७ को बिचमा चिनियाँ अदालतले सबैखाले करिब ८ लाख १३ हजार ५ सय ६४ ओटा नयाँ बौद्धिक सम्पत्तिका मुद्दाहरू प्राप्त गऱ्यो । त्यसमध्ये ७ लाख ८१ हजार २ सय ५७ ओटा मुद्दाहरू सल्टाइयो र निरूपण गरियो । सन् २०१७ मा चिनियाँ अदालतले पहिलो चरणमा २,१३,४८० मुद्दा प्राप्त गऱ्यो र त्यसमध्ये २,०२,९७० समाधान गऱ्यो । अघिल्लो वर्षभन्दा यो ४३ देखि ४६ प्रतिशतले बढेको देखिन्छ । धेरैजसो बौद्धिक सम्पत्तिका मुद्दाहरू, विशेषत: प्याटेन्ट मुद्दाहरू, अन्य देशमा भन्दा चीनमै गम्भीरतापूर्वक हेरिने गरेको पाइन्छ । चीनले चिनियाँ र इच्छुक विदेशी समूहका लागि समानरूपमा कानुनी सुरक्षा प्रदान गर्दछ । सन् २०१६ मा चिनियाँ अदालतले विदेशी संस्था र व्यक्तिसँग सम्बन्धित पहिलो चरणका करिब १६६७ ओटा मुद्दाको सुनुवाइ र बन्द गऱ्यो । यो वार्षिकरूपमा २५.६ प्रतिशतले बढेको हो । *(बक्स नं. ३ हेर्नुहोस् ।)*

**बक्स ३ - चिनियाँ अदालतमा विदेशीसँग बौद्धिक सम्पत्तिका मुद्दाहरूमा कानुनबमोजिम सुनुवाइ**

चिनियाँ अदालतहरूमा छियावतान (Qiaodan) ट्रेडमार्कसम्बन्धी प्रशासनिक विवादका मुद्दाहरू, डायर (Dior) ट्रेडमार्क विवाद मुद्दाहरू र अन्य नयाँ प्रकारका प्रमुख एवम् समस्याग्रस्त मुद्दाहरू कानुनबमोजिम खुला सुनुवाइ गरिएको छ । चिनियाँ सर्वोच्च जनअदालतले विश्व बौद्धिक सम्पत्ति सङ्गठन (WIPO) का अधिकारीहरू, चीनमा रहेका विदेशी कूटनीतिज्ञहरू र सम्बन्धित पक्षहरूलाई सुनुवाइमा सहभागी हुन आमन्त्रण गऱ्यो । यी सबै कार्यले चिनियाँ अदालतले चिनियाँ तथा विदेशी अधिकारवालाहरूलाई खुला र पारदर्शी ढङ्गले सबैको न्यायिक अधिकार र इच्छाहरूलाई संरक्षण गर्दै IPR को न्यायिक सुरक्षालाई सबलीकरण गर्नुका साथै आविष्कारिता र स्वस्थ प्रतिस्पर्धा हुने बजार व्यवस्थाप्रतिको प्रतिबद्धता दर्साउँछ ।

सन् २०१३ मा साङघाई मध्यवर्ती जनअदालत (Shanghai Intermediate People's Court) मा हुवाङ मेङवेइ (Huang Mengwei) विरुद्ध इलिलिली तथा कम्पनी (Elilily and Company) र लिली चाइनाले दायर गरेको व्यापारी गोप्य दुरूपयोग मुद्दाको सुनुवाइ भयो । अदालतले प्रतिवादीलाई तत्काल अतिक्रमण कार्य रोक्न कानुनी आदेश (Interlocutory Injunction Order) जारी गऱ्यो । अदालतले व्यापारिक गोप्यता दुरूपयोगमा संलग्न प्रतिवादीलाई कानुनी दायित्व व्येहोर्नुपर्ने निष्कर्ष निकाल्यो ।

वैदेशिक बौद्धिक सम्पत्ति मुद्दाहरूको फैसला अवधि चीनमा विश्वमै सबैभन्दा छोटो छ । पेइचिङको बौद्धिक सम्पत्ति अदालतले औसतमा चार महिनाभित्र मुद्दा प्रक्रिया सकाउँछ । बौद्धिक सम्पत्ति असमझदारीहरूको कानुनी उपचार छरितो भएकै कारण चीन गैरचिनियाँ कम्पनीहरूको अत्यधिक रोजाइमा पर्दछ र पेइचिङको बौद्धिक सम्पत्ति अदालतमा आउने वादी र प्रतिवादी दुवैको ठुलो सङ्ख्या विदेशीहरूकै छ ।

बौद्धिक सम्पत्ति प्रशासनिक अधिकारीहरूले संरक्षणका उपायहरू अपनाई सक्रिय तवरले प्रवर्तनलाई तीव्रता दिएका छन् । बौद्धिक सम्पत्ति अधिकारवालाले कानुनीमात्र नभई प्रशासनिक संरक्षणसमेत पाउने दुईखम्बे संरक्षण प्रणाली चीनले अवलम्बन गरेको छ । राष्ट्रिय बौद्धिक सम्पत्ति कार्यालय (The State Intellectual Property Office, SIPO) ले तीव्र पुनरावलोकन, तीव्र अधिकार प्रमाणीकरण, तीव्र अधिकार संरक्षण, अधिकारको पक्षमा सहयोग पुऱ्याउन तथा प्रतिवेदन र गुनासो स्वीकार गर्ने १२,३३० ओटा राष्ट्रव्यापी सञ्जालको समन्वय प्रणाली स्थापना गऱ्यो । प्याटेन्ट, ट्रेडमार्क र कपिराइट अधिकारीहरूले बौद्धिक सम्पत्ति अधिकार प्राप्त कर्ताहरूको कानुनी हित प्रभावकारी (Effective) संरक्षणका निम्ति सशक्त र सक्रियतापूर्वक कार्य गरे । सन् २०११ को नोभेम्बरमा राज्य परिषद्ले 'बौद्धिक सम्पत्ति चोरी र जाली तथा कमसल सामग्रीको उत्पादन तथा बिक्री नियन्त्रण (Crack Down) का निम्ति राय' प्रकाशित गऱ्यो । २९ ओटा सरकारी विभाग संलग्न एक राष्ट्रिय नेतृत्वदायी समूह स्थापना गर्दै एक सामान्यकृत प्रणालीको सङ्केत गऱ्यो । सन् २०१८ मा चीनले बजार नियमनको निम्ति ट्रेडमार्क र प्याटेन्ट प्रवर्तन (Enforcement) समूहलाई पुन: संरचनाबाट व्यापक प्रवर्तन समूहमा परिणत गर्दै राष्ट्रिय बौद्धिक सम्पत्ति कार्यालयको (SIPO) पहिचान गऱ्यो ।

यस तीव्र बौद्धिक सम्पत्ति संरक्षणले विदेशी व्यवसायीहरूलाई चीनमा नवीन खोजको निम्ति प्रभावकारी प्रत्याभूति प्रदान गऱ्यो । नवीन खोजको प्याटेन्ट दर्ता सन् २०१२ मा ११७,४६४ बाट सन् २०१७ मा १३५,८८५ पुग्यो । सन् २०१३ मा ९५,००० मात्र भएको विदेशी ट्रेडमार्क रजिस्ट्रेसन आवेदन सन् २०१७ मा बढेर १४२,००० पुग्यो । सोही अवधिमा ट्रेडमार्क विस्तारको आवेदन १४,००० बाट २०,००० पुग्यो । पिटरसन इन्स्टिच्युटका अनुसार चीनको बौद्धिक सम्पत्ति संरक्षणमा सुधार हुँदै छ । लाइसेन्सका निम्ति शुल्क र विदेशी प्रविधि प्रयोगमा बुझाउने रोयल्टी बितेको दशकमा चार गुणाले वृद्धि भयो । सन् २०१७ मा यो रकम २८.६ अर्ब अमेरिकी डलर पुग्यो । जुन संसारकै चौथो बढी हो । वास्तवमा आफ्नो सिमानाभित्र प्रविधिका निम्ति लाइसेन्स शुल्क तिर्ने देशहरूमा चीन संसारकै दोस्रो स्थानमा पर्छ ।

चीनमा भइरहेको प्रभावकारी बौद्धिक सम्पत्ति संरक्षणले संरा अमेरिकी व्यापारमा ठुलो फाइदा प्राप्त भइरहेको छ । संरा अमेरिकी वाणिज्य विभागको आर्थिक विश्लेषण निकायका अनुसार सन् २०१६ मा चीनले लाइसेन्सको शुल्कबापत संरा अमेरिकालाई ७.९६ अर्ब अमेरिकी डलर भुक्तानी गऱ्यो । चीनको राष्ट्रिय कपिराइट प्रशासन, वाणिज्य मन्त्रालय र बजार नियमन राष्ट्रिय प्रशासनका अनुसार सन् २०१२ देखि २०१६ सम्ममा चीनले २८,००० कपिराइट संरा अमेरिकाबाट आयात गऱ्यो । ट्रेडमार्कका सम्बन्धमा, सन् २००२ बाट २०१६ सम्ममा संरा अमेरिकाले ५८,००० ट्रेडमार्क चीनमा स्थानान्तरणको लागि निवेदन दिएको थियो जुन सम्पूर्ण स्थानान्तरणको ४.५४ प्रतिशत हो । संस्कृतिको हकमा प्रेस, प्रकाशन, रेडियो, चलचित्र र टीभीसम्बन्धी राष्ट्रिय प्रशासनका अनुसार सन् २०१७ मा चीनले अमेरिकाबाट ६५ करोड अमेरिकी डलरमा ३१ ओटा चलचित्र आयात गऱ्यो ।

बौद्धिक सम्पत्ति संरक्षणमा चीनको प्रगतिलाई अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेको छ । सन् २०११ मा चीनको भन्सार विश्व नक्कली सामानविरोधी (Anti Counterfeit) सञ्जालको राष्ट्रिय सार्वजनिक अङ्क पुरस्कार विजेता बन्यो । सन् २०१२ मा जन सुरक्षा मन्त्रालयअन्तर्गतको आर्थिक अनुसन्धान व्युरोले चोरीविरुद्ध प्रवर्तनमा चीनले प्रशंसायोग्य योगदानको लागि पुरस्कार प्राप्त गऱ्यो । सन् २०११ मे ९ का दिन संरा अमेरिकाका पूर्वराष्ट्रपति ओबामाले बौद्धिक सम्पत्ति संरक्षणमा चीनले राम्रो प्रगति गरेको उल्लेख गरे । संरा अमेरिका चीनलगायत अन्य मुलुकमा दुवै पक्षको हितमा हुने गरी उच्च प्रविधि उत्पादन निर्यात गर्न इच्छुक थियो । सन् २०१८ फेब्रुअरीमा, (Global Intel

***बाँकी पृष्ठ ७ मा***

## बक्स : २ – चीनले वैदेशिक लगानीका लागि बजार उपलब्धतालाई उल्लेख्यरूपमा खुकुलो छोडेको छ ।

चीनले 'वैदेशिक लगानी उद्योगहरूको मार्गनिर्देशनका लागि बनाइएको सूचीलाई '२०१५ र २०१७' मा संशोधन गऱ्यो । (Catalogue for the Guidance of Foreign Investment Industries) । प्रतिबन्धित मापन (Measures) ६३ थरी वस्तुमा लगाइएको प्रतिबन्धका लागि ६५ प्रतिशतले हटाइएको छ भने अहिले २८ थरी निषेधित वर्गअन्तर्गत नै छोडिएको छ । सन् २०१४ जून २८ मा चीनले पहिलो पटक 'वैदेशिक लगानी पहुँचका लागि विशेष प्रशासनिक उपायहरू' (Special Administrative Measures for foreign Investment Access (नकारात्मक तालिका) २०१८ प्रकाशित गऱ्यो । जसले २२ थप क्षेत्रका लागि खुलापनका नयाँ उपायहरू अगाडि साऱ्यो साथै प्रतिबन्धहरू ६३ ओटा बाट ४८ ओटामा झारियो ।

वैदेशिक लगानी इन्टरप्राइजेज (FIEs) को रुचिको क्षेत्रमा चीनले देखिने गरी बजार पहुँचलाई फराकिलो बनाइदिएको छ । निर्माणको क्षेत्रमा-जहाज निर्माण उद्योग, डिजाइनसहित उत्पादन तथा मर्मत सम्भार र हवाइजहाज उद्योग, ट्रङ्क एयरलाइन्स ( विमान कम्पनीसहित) क्षेत्रीय जेट, साना विमान, हेलिकप्टर, ड्रोन र हावाभन्दा हलुको हवाईविमानका लागि अधिकतम वैदेशिक स्वपुँजी सीमा Foreign equity caps को व्यवस्था हटायो ।

चीनले विशेष उद्देश्यका सवारीसाधन र नयाँ ऊर्जा सवारीसाधनको निर्माणमा वैदेशिक इक्विटी ( स्वपुँजी) सीमा (Foreign Equity Caps) हटाउने छ । साथै, अर्को ५ वर्षभित्रमा सवारी साधन लगानी (Auto motive venture) उद्योगहरूमा यस्तो व्यवस्था पूर्णरूपले हटाउने छ । चीनले विदेशी इक्विटी पुँजी बैङ्कहरूमा हटाएको छ भने धितोपत्र, कोष व्यवस्थापन कम्पनी, Futurest र जीवन बीमामा स्वपुँजी सीमा ५१ प्रतिशतमा पुऱ्याइएको छ । वित्तीय क्षेत्रमा सम्पूर्ण विदेशी इक्विटी सीमा सन् २०२१ भित्रमा हटाइनेछ ।

बजारको खुलापनले चीनमा बढी वैदेशिक लगानी आकर्षित गरेको छ । सन् २०१८ जुलाई १० मा, साङ्घाइको स्थानीय सरकार र अमेरिकी अटोमोटिभ तथा ऊर्जा कम्पनी टेस्ला (Tesla) ले सहकार्यको सम्झौतापत्रमा हस्ताक्षर गऱ्यो । जसले टेस्लालाई संरा अमेरिकाबाहिर साङ्घाइमा आफ्नै पहिलो विशाल कारखाना बनाउन अनुमति र स्वागत गरेको छ । वैदेशिक वित्तीय सङ्घसंस्थाहरू पनि चीनमा बजारको खोजी तथा विस्तारका लागि दिलोज्यानले बल प्रयोग गर्दै छन् । सन् २०१७ देखि चीनमा फिडेलिटी, यूबीएस् एसेट म्यानेजमेन्ट, म्यान ग्रुप, फुलेरटोन, ब्ल्याक रक र स्क्रोयडर ( Schroeder) जस्ता १४ वैदेशिक सङ्घसंस्थाहरू निजी धितो लगानी कोष व्यवस्थापकका रूपमा दर्ता भए । सन् २०१८ जून २९ मा विश्वकै सबैभन्दा ठुलो अमेरिकी लगानी व्यवस्थापन फर्म अर्थात् हेज (Hedge) कोष व्यवस्थापक, ब्रिड्जवाटर असोसियट्स एलपी (Bridgewater Associates LP) ले चीनमा एक निजी कोष व्यवस्थापकका रूपमा प्रवेश दर्ता पायो र औपचारिकरूपले बजारमा निजी कोष व्यवसाय सुरु गऱ्यो ।

चीनको व्यापार नीति पुनरावलोकनको प्रतिवेदनमा विश्व व्यापार सङ्गठनले उल्लेख गरेको छ कि चीन वैदेशिक लगानी प्राप्तकर्ता देशहरूको शीर्षस्थानमा पर्छ र चीनमा विदेशी प्रत्यक्ष लगानी विगत धेरै वर्षदेखि निरन्तर बढिरहेको छ ।




संयुक्त राज्य अमेरिकाको राजधानी वासिङ्टन डीसीस्थित लाफायत पार्कमा इजरायलद्वारा प्यालेस्टिनी जनतामाथिको क्रूरतापूर्ण बम हमला र नरसंहार तथा त्यसप्रति संरा अमेरिकी सरकारको समर्थनको विरोधमा विरोध प्रदर्शन गर्दै न्यायप्रेमी अमेरिकी जनता अप्रिल २, २०२४ का दिन ।

*तस्बिर : एपी/होसे लुइस मागाना*

# गाजामा सक्रिय सहायताकर्मी मारिनु 'गम्भीर त्रुटी' : इजरायली सेना प्रमुख

गाजापट्टी, ४ अप्रिल (एएफपी) । इजरायली सेना प्रमुख हर्जी हालेभीले गाजामा इजरायली सेनाले गरेको हवाई हमलाबाट सात जना सहायताकर्मी मारिएको घटनाबाट आफू दुःखित भएको बताउनुभएको छ । सहायताकर्मीको मृत्यु भएकाप्रति अन्तर्राष्ट्रिय समुदायले तीव्र आलोचना गरेसँगै सेना प्रमुख हालेभीले इजरायली सेनाबाट 'गम्भीर त्रुटी' भएको स्वीकार गर्नुभएको छ ।

इजरायली सेनाले वर्ल्ड सेन्ट्रल किचेन नामको सहायता टोलीमाथि सोमबार रातिको समयमा हवाई हमला गरेको थियो । सेना प्रमुख हालेभीले एक भिडियो सन्देशमा वर्ल्ड किचेनको सहायता टोलीका गतिविधिलाई राम्रोसँग पहिचान गर्न नसक्दा त्रुटिबस सेनाले हमला गरेको बताउनुभएको छ ।

उहाँले वर्ल्ड किचेनका सदस्यमाथि जानाजान आक्रमण नगरिएको पनि दाबी गर्नुभएको छ ।

गत अक्टोबरमा युद्ध प्रारम्भ भएयता अमेरिकी परोपकारी संस्था वर्ल्ड किचेनले पहिलोपटक गाजामा विस्थापित सर्वसाधारणलाई खाद्यान्न समेतका दैनिक उपभोग्य राहत सामग्री वितरण गर्न थालेको थियो । हवाई हमलाबाट वर्ल्ड किचेनको राहत सामग्री राखेको सवारी साधन ध्वस्त भएको थियो ।

वर्ल्ड किचेनले प्रकाशन गरेको विज्ञप्तिमा समुद्री मार्ग हुँदै गाजामा ल्याइएको १०० टनभन्दा बढी मानवीय खाद्यान्न सहायता सामुद्रिक जहाजबाट अर्को गाडीमा राख्दै गर्दा आफ्ना कर्मचारीमाथि हमला भएको जनाएको छ ।

यस आक्रमणबाट अस्ट्रेलिया, बेलायत, प्यालेस्टाइन, पोल्यान्ड र अमेरिकी-क्यानाडेली नागरिक हताहत भएका थिए ।

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले मानवीय सहायताकर्मीमाथि भएको आक्रमण अत्यन्त दुःखद रहेको बताउँदै हालसम्म इजरायली आक्रमणबाट १९६ जना मानवीय सहायताकर्मी मारिइसकेको बताउनुभएको छ । उहाँले गाजामा तत्काल मानवीय युद्धविराम गर्न इजरायललाई आग्रह गर्नुभएको छ ।

वर्ल्ड किचेनले इजरायली आक्रमणबाट मारिएका व्यक्तिहरूको नाम पनि सार्वजनिक गरेको छ । मारिनेहरूमा साइफेडिन इसाम आयाद अबुताह, जोमी फ्रान्कोम, पोल डामियन सोबोल, ज्याकोब फ्लिकिन्गर, जोन च्यापम्यान, जेम्स हेन्डरसन र जेम्स कर्बी रहेका छन् ।

डब्लुसीकेका प्रमुख कार्यकारी एरिन गोरले एक विज्ञप्ति जारी गर्दै दिनभरको कामबाट थकित हाम्रा सहायताकर्मीमाथि इजरायलले हवाई हमला गरेर अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको बताउनुभएको छ । उहाँले इजरायली सेनासँग समन्वय गरिए पनि इजरायली आक्रमण आफूहरूमाथि लक्षित रहेको जनाउनुभएको छ ।

यसैबिच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले डब्लुसीकेमाथि भएको हमला जानाजान नभएको दाबी गर्नुभएको छ । प्रधानमन्त्री नेतान्याहुले उक्त घटनाप्रति क्षमासमेत नमागेको बताइएको छ । यद्यपि, उहाँले घटनाको अनुसन्धान गरिने बताउनुभएको छ ।

अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजले पनि इजरायली प्रधानमन्त्रीलाई टेलिफोन गरी उक्त घटनाप्रति रोष प्रकट गर्नुभएको छ । बेलायतले इजरायली राजदूतलाई डाकेर उक्त घटनाको पूर्ण जिम्मेवारी लिन माग गरेको छ ।

पोल्यान्डले भने उक्त घटनामा मारिएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन इजरायलसमक्ष आग्रह गरेको छ ।

उक्त घटनामा मारिएका सहायताकर्मीको शव दक्षिण गाजा सीमाबाट बुधबार आ-आफ्ना मुलुकतर्फ लैजाने प्रबन्ध मिलाइएको छ ।

यसैबिच, इजरायलले गाजामा जारी राखेको सैनिक कारबाहीका क्रममा बुधबार राति कम्तीमा ६० जना प्यालेस्टिनीको मृत्यु भएको गाजास्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# ताइवानमा शक्तिशाली भूकम्पपछि सुनामीको चेतावनी



टोकियो, ४ अप्रिल (सिन्हवा) । ताइवानको पूर्वी तटीय क्षेत्रमा बुधबार ७ दशमलव ४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ ।

भूकम्पका कारण ताइवानसँगै चीन, जापान, फिलिपिन्समा सुनामी आउन सक्ने प्रारम्भिक चेतावनी जापानको मौसम पूर्वानुमानसम्बन्धी निकायले जारी गरेको छ ।

ताइवानको ख्वालिएन सहरदेखि करिब १८ किलोमिटर टाढा केन्द्रबिन्दु बनाई भूकम्प गएको अमेरिकी भौगर्भिक अध्ययन निकाय (यूएसजीएस) ले जनाएको छ ।

ताइवानी अधिकारीहरूका अनुसार यो भूकम्प ताइवानमा २५ वर्षयताकै सबैभन्दा शक्तिशाली रहेको बताएका छन् ।

चीनको दक्षिण-पूर्वी फुजिएन प्रान्तका कतिपय हिस्सामा भूकम्पको धक्का महसुस गरिएको छ ।

बुधबारको भूकम्पपछि अहिलेसम्म ४ म्याग्निच्युड अथवा सोभन्दा ठूला नौवटा परकम्प गइसकेका अधिकारीहरूले बताएका छन् ।

भूकम्पका कारण भएको क्षतिको विवरण सङ्कलन भइरहेको बताइएको छ ।

आवासीय भवनहरू भत्केका र मानिसहरूलाई उनीहरूका घर एवम् विद्यालयबाट उद्धार गर्दै गरिएका दृश्य देखिने भिडियो तथा तस्बीर स्थानीय सञ्चारमाध्यमले देखाएका छन् ।

ताइवानमा भूकम्पका कारण पहाडी भेगमा निकै ठाउँमा पहिरो गएको छ ।

जापानको दक्षिण-पश्चिमी क्षेत्रको ठूलो हिस्सामा सुनामीले ३ मिटर उचाइसम्म छाल निम्त्याउन सक्ने अनुमान गरिएको त्यहाँको मौसमसम्बन्धी निकायले जनाए पनि पछि यसलाई संशोधन गर्दै कुनै ठूलो सुनामीको जोखिम नरहेको बताएको छ ।

चीनको दक्षिण-पूर्वी फुजिएन प्रान्तका कतिपय हिस्सामा भूकम्पको धक्का महसुस गरिएको त्यहाँको सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

सन् १९९९ को सेप्टेम्बरमा ताइवानमा ७ दशमलव ६ म्यागिनच्यूडको विनाशकारी भूकम्प जाँदा दुई हजार ४०० व्यक्तिको ज्यान गएको थियो ।

## विश्व सङ्क्षेप

# भियतनामले लाओसबाट पाँच हजार मेगावाट विद्युत् आयात गर्ने

हनोई, ४ अप्रिल (सिन्हवा) । औद्योगिक विकासमा तीव्र प्रगति गरिरहेको भियतनामले लाओसबाट सन् २०३० सम्ममा पाँच हजार मेगावाट विद्युत् आयात गर्ने जनाएको छ ।

भियतनामको राष्ट्रिय विद्युत् विकास मार्गचित्रमा सन् २०२१-२०३० सम्ममा लाओसबाट विद्युत् आयात गर्ने सम्बन्धी प्रस्ताव प्रस्तुत गरिएको छ ।

भियतनामी न्यूज एजेन्सीका अनुसार विद्युत्को दर र उपयुक्त वातावरण सिर्जना भए भियतनामले आठ हजार मेगावाटसम्म विद्युत् आयात गर्नेछ ।

पछिल्ला वर्षहरूमा भियतनामका मध्य र दक्षिणी क्षेत्रहरूमा विद्युत् माग तीव्ररूपमा बढेको छ ।

सन् २०३० सम्ममा भियतनामले हावा, बायोमास समेतका नवीकरणीय विधिबाट २९ हजार मेगावाट विद्युत् उत्पादन गर्नेछ । साथै फोहोर प्रशोधनबाट एक हजार एक सय ८२ मेगावाट र सर्वसाधारणका घरहरूमा जडान गरिएका सोलार प्यानलबाट एक हजार ८८ मेगावाट विद्युत् उत्पादन पनि हुने गरेको छ ।

# इजिप्टका राष्ट्रपति अल-सिसीद्वारा सपथग्रहण

कायरो, ४ अप्रिल (एपी) । इजिप्टका राष्ट्रपति अब्देल-फताह अल-सिसीले तेस्रो कार्यकालका लागि राष्ट्रपति पदको सपथ लिनुभएको छ । गत डिसेम्बरमा भएको निर्वाचनमा उहाँ पुनः राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो ।

इजिप्मा संविधानअनुसार राष्ट्रपतिको कार्यकाल ६ वर्षको हुने गर्दछ । राष्ट्रपति सिसीले नयाँ संसद् भवनमा सपथ लिनुभएको हो ।

डिसेम्बरको निर्वाचनमा सिसीले झन्डै ९० प्रतिशत मत प्राप्त गर्नुभएको थियो । उहाँका विपक्षी उम्मेदवारले लगातार तेस्रोपटक खासै उल्लेखनीय मत प्राप्त गर्न सकेका छैनन् । करिब छ करोड ७० लाख मतदाता रहेको इजिप्टमा गत डिसेम्बरमा सम्पन्न चुनावमा करिब ६७ प्रतिशत मतदान भएको थियो ।

इजिप्टको पूर्वी सीमाक्षेत्रमा अवस्थित गाजामा इजरायल-हमास युद्ध भड्किएपछि डिसेम्बरको चुनाव पनि छायाँमा परेको थियो । उक्त युद्धको असर गाजासँगै छिमेकी मुलुक इजिप्टसम्म फैलिन सक्ने अनुमानबिच इजिप्टमा राष्ट्रपतिको चुनाव भएको थियो ।

अल-सिसी सन् २०१४ मा पहिलो पटक राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो । उहाँ सन् २०१८ मा दोस्रो कार्यकालका लागि विजयी हुनुभएको थियो । सन् २०१९ मा संविधान संशोधनपश्चात् अल-सिसीको कार्यकाल दुई वर्ष थप्नुका साथै तेस्रो कार्यकालका लागि चुनाव लड्न बाटो खोलिएको थियो ।

इजिप्टको राष्ट्रपतिमा अल-सिसीलाई चुनौती दिने कुनै उम्मेदवार चुनावी मैदानमा थिएनन् । राष्ट्रपतिका अन्य प्रतिस्पर्धीहरू चुनावी प्रचारमा समेत सहभागी भएका थिएनन् ।

# भारतमा १३ जना माओवादीको मृत्यु

नयाँदिल्ली, ४ अप्रिल (एएफपी) । मध्य भारतमा भएको झडपमा कम्तीमा १३ जना माओवादी विद्रोहीको मृत्यु भएको प्रहरीले बुधबार जनाएको छ ।

छत्तीसगढ राज्यको बिजापुर जिल्लाको दुर्गम जङ्गलमा मङ्गलबार सुरक्षा बलसँग गोली हानाहान भएको थियो ।

स्थानीय प्रहरी प्रमुख पी सुन्दरराजले अधिकारीहरूले राइफल, मेसिन गन र गोलाबारुद ठूलो परिमाणमा जफत गरेको बताउनुभएको छ । मृतकहरूको पहिचान हुन बाँकी रहेको बताउँदै सुन्दरराजले मृतकमध्ये तीन जना महिला रहेको बताउनुभएको छ ।

प्रहरीले उपलब्ध गराएको तथ्याङ्कअनुसार यस वर्ष भारतमा ५० जनाभन्दा बढी माओवादी मारिएका छन् जसमध्ये सबैभन्दा बढी ४६ जना छत्तीसगढमा र अन्य चार महाराष्ट्र राज्यमा मारिएका छन् ।

मध्य, दक्षिणी र पूर्वी राज्यहरूमा फैलिएको विद्रोही बहुल 'रेड करिडोर' मा माओवादी विद्रोहीहरूसँग लड्न भारतले दसौँ हजार सुरक्षाकर्मी तैनाथ गरेको छ ।

नक्सलवादी भनेर चिनिने र ग्रामीण गरिबहरूका लागि लडिरहेका विद्रोहीहरूले सन् १९६७ देखि छापामार आक्रमण गरिरहेका छन् ।

भारत सरकारले दुर्गम क्षेत्रहरूमा पूर्वाधार विकासमा लाखौँ डलर खर्च गरेको छ । सन् २०१० मा ९६ जिल्लामा फैलिएको माओवादी प्रभाव सन् २०२३ मा ४५ जिल्लामा सीमित भएको छ ।

सरकारी तथ्याङ्कअनुसार गत दशकमा मारिएका विद्रोहीहरूको वार्षिक सङ्ख्या दुई तिहाइभन्दा बढीले घटेको छ । भारतमा आगामी अप्रिल १९ देखि लोकसभाका लागि छ हप्ता लामो आमनिर्वाचन हुँदैछ ।

# भारतमा बस पल्टिँदा विद्यार्थीसहित चारको मृत्यु

नयाँदिल्ली, ४ अप्रिल (सिन्हवा) । भारतको उत्तर प्रदेश राज्यमा मङ्गलबार स्कुल बस दुर्घटना हुँदा बसमा सवार तीन जना विद्यार्थीसहित चार जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार उत्तर प्रदेशको राजधानी लखनऊ नजिकैको बाराबङ्की क्षेत्रमा उक्त बस सडकमै पल्टिएको थियो ।

बसभित्र करिब ४० जना स्कुलका विद्यार्थी तथा ६ जना शिक्षक रहेको वरिष्ठ प्रहरी जगत रामले बताउनुभएको छ ।

# समिर अमिनका अन्तिम दुई लडाइँ

✍ दिमित्रिस कोन्स्तान्ताकोपौलस

*(सन् २०२३ सेप्टेम्बर २२ मा ब्राजिलको रियो दि जेनेरियो सङ्घीय विश्वविद्यालयमा आयोजित गोष्ठीमा प्रस्तुत मन्तव्यको अंश)*

मृत्यु हुनुभन्दा ठीकअघि सिलसिलेवार लेखहरू लेखेर मार्क्सवादी विद्वान समिर अमिनले मूलतः दुई मुद्दा उठाइरहे । वित्तीय विश्वव्यापीकरण अथवा विश्वव्यापी वित्तीय पुँजीको तानाशाही सत्तासामु घुँडा टेक्न चीनले गरेको अस्वीकार पहिलो मुद्दा थियो । 'पाँचौँ इन्टरनेसनल' को निर्माण गर्नुपर्ने आवश्यकताबोध दोस्रो मुद्दा थियो । हामी दुई सँगै चीन गएका थियौँ र माथिका दुवै मुद्दाप्रतिको समिरको व्यग्रता म अझै पनि झलझली सम्झिन्छु । एक दिन उहाँले मलाई निद्राबाट ब्युँझाउनुभयो र तत्काल आफ्नो कोठामा बोलाउनुभयो । त्यहाँ उहाँले एउटा चिनियाँ टेलिभिजनलाई अन्तर्वार्ता दिँदै हुनुहुन्थ्यो । उहाँले मलाई पनि बोल्न भन्नुभयो र चिनियाँ जनतालाई मस्कोमा बस्दाको मेरो अनुभव सुनाउन लगाउनुभयो । एक पत्रकारको रूपमा मैले सोभियत सङ्घको पतन देखेको थिएँ; त्यहाँ पुँजीवादी उत्पादन सम्बन्ध एवम् वितरण जसरी पुनःस्थापना भयो, त्यसको म प्रत्यक्षदर्शी थिएँ । समिरले मलाई यी सबै कुरा खुलस्त राख्न भन्नुभयो । आफ्नै खालको विकासक्रममा अघि बढ्दै जाँदा पेइचिङले पनि पुँजीवादतिर मोडिने निर्णय लिने त होइन भन्ने डर थियो उहाँलाई । त्यसकारण, उहाँ चिनियाँहरूलाई पहिले नै (प्रतिरोधी) 'खोप' लगाइदिन चाहनुहुन्थ्यो ।

समिरलाई चिनियाँ सत्ता समाजवादी हो भन्ने लाग्थेन । प्रतिष्ठित पेचिङ विश्वविद्यालयमा मन्तव्य दिँदै उहाँले भन्नुभयो, "म चीन समाजवादी हो भन्दिन र पुँजीवादी हो पनि भन्दिन ।" राज्य पुँजीवादको बाटो हुँदै राज्य समाजवाद र अन्त्यमा समाजवादसम्म पुग्ने बाटो निकाल्न सकिन्छ कि भन्ने कहिलेकसो उहाँ सोच्नुहुन्थ्यो र चीनबाट आशा पनि गर्नुहुन्थ्यो ।


चीनले वित्तीय विश्वव्यापीकरण र त्यसको पदानुक्रमी संरचनालाई पूरै अँगाल्ने हो भने उसले विकराल समस्याहरू झेल्नुपर्नेछ । उसले तीव्रगतिमा झाङ्गिँदै गएको उग्र-साम्राज्यवादी प्रणाली पनि लागु गर्नुपर्नेछ । उग्र-साम्राज्यवाद कस्तो हुन्छ भन्ने कुरा हामी सबैले अहिले युक्रेनमा देखिरहेका छौँ । आज पश्चिमा जगतका सबै देशहरू आफ्ना सबैभन्दा आधारभूत राष्ट्रिय स्वार्थकै विपरीत गएर व्यवहार गर्दै छन् । यसमा सायद टर्की अपवाद हो भने हङ्गेरीलाई सीमित अर्थमा अपवाद भन्न मिल्छ । टर्की आधा पश्चिमा हो भने आधा सीमान्त (पेरिफेरि) को देश हो । तर, ऊ साम्राज्यवादविरोधी देश भने होइन । तैपनि, पश्चिमा साम्राज्यवादी कित्तामा विशिष्ट स्थान हासिल गर्ने लेनदेनमा उसले धेरै हदसम्म स्वाधीनता गुमाएको छ । यद्यपि, उसका सबै नीतिमा यो कुरा झल्किन्न ।

उग्र-साम्राज्यवादको उदयले पश्चिमा देशहरू फगत प्याधामा झरेका छन् भने विशाल अन्तर्राष्ट्रिय वित्तीय पुँजीले सबै प्रजातान्त्रिक सङ्घसंस्थामा नियन्त्रण जमाउन पुगेको छ र ती देशका राष्ट्रिय एवम् लोकतान्त्रिक आन्तर्य च्यातचुत पारेर नाङ्गेझार पारेको छ । प्रमुख पुँजीवादी देशहरूमा अझै पनि बुर्जुआ लोकतन्त्रको अवशेष बाँकी छ तर यो लोकतन्त्र झन्झन् खोक्रो बन्दै छ ।

२० औँ शताब्दीभरि समाजवादमा अनेक तोडमोड भए, कति ठाउँमा समाजवाद पराजित भयो । तैपनि, समाजवादको बाटो कसरी खोल्ने ? यो एउटा खुला प्रश्न हो । यो बाटो खोल्नको निम्ति द्रुतरूपमा विकसित भइरहेको स्वेच्छाचारी पश्चिमा पुँजीवादलाई थप बलियो हुन दिनुहुन्न । किनभने, आधुनिक प्रविधिको तागतले नै उसले आफूलाई बलशाली बनाउने सम्भावना छ । समाजवादको बाटो खोल्नका लागि यो सम्भावनाको ढोका बन्द गर्नु उत्तिकै जरुरी छ ।

यो ढोका बन्द गर्ने सम्भावना पनि छ । युगोस्लाभिया र मध्यपूर्वका जनताको प्रतिकारले तथा युरोप र ल्याटिन अमेरिकाका सामाजिक सङ्घर्षहरूले, विश्व राजनीतिमा रुसको पुनःआगमनले तथा चीनको आश्यचर्यजनक आर्थिक उदयले यो नौलो सम्भावना देखिएको हो ।

त्यसकारण, पूर्व-पश्चिम-उत्तर-दक्षिण जुनसुकै महादेशको किन नहोस् प्रत्येक क्रान्तिकारी मार्क्सवादी साम्राज्यवादी हस्तक्षेपविरुद्ध दृढतापूर्वक उभिनुपर्छ । पश्चिमा साम्राज्यवादले फलाक्दै आएको मानवतावाद र 'लोकतन्त्र' को चमक हेरेर



कुनै पनि क्रान्तिकारीले बाटो बिराउनुहुँदैन । कुनै पनि साम्राज्यवादी हस्तक्षेपले कहीँकतै लोकतन्त्र आएको छैन बरु यसखाले हस्तक्षेप गरिएका देशहरूमा सामाजिक र राष्ट्रिय विपत्तिमात्र निम्तिएका छन् । साम्राज्यवादी युद्ध र आर्थिक प्रतिबन्धको विरोधमा उभिनु आजका प्रत्येक सचेत र जुझारु वामपन्थीको परम कर्तव्य हो ।

यसको अर्थ साम्राज्यवादले हमला गरेका सर्बिया, अफगानिस्तान, इराक, इरान, रुस वा चीनका सरकारलाई आँखा चिम्लेर समर्थन गर्नुपर्छ भनेको होइन । बरु पश्चिमा साम्राज्यवादले पूरै पृथ्वीमाथि दबदबा कायम गऱ्यो भने मानव सभ्यता र मानव जातिको अस्तित्व नै धरापमा पर्ने कुरा नबुझी हुन्न भनेको मात्र हो ।

आज ब्रिक्सको उदयसँगै संसार बहुध्रुवीय बन्दै छ । डलर कमजोर बन्दै जाँदा नयाँ, प्रजातान्त्रिक विश्व व्यवस्थाको बाटो खुल्दै छ । विश्वले ठुलो र ऐतिहासिक फड्को मार्दै छ । तर, नयाँ विश्व व्यवस्थाका लागि यो आवश्यक सर्त हो, पर्याप्त सर्त भने होइन । पश्चिमा जगतलाई पराजित गरेर उसको ठाउँमा अर्को शक्तिलाई थपना गर्नु नै हाम्रो लक्ष्य बन्नु हुँदैन । बरु, समस्त मानव जातिलाई मानव इतिहासमै पहिलोचोटि देखापरेका विकराल समस्याहरूको सामना गर्नसक्ने नौलो सभ्यतातर्फ लैजानु हाम्रो मुख्य सवाल हुनुपर्छ । यी समस्याहरूको मुख्य कारण हामीले नै विकास गरेको उत्पादक शक्ति र प्रविधि हो । यिनलाई नियन्त्रण नगरेको खण्डमा मानव जातिको अस्तित्व नै सङ्कटमा पर्नेछ ।

जाग्दै गरेका बहुमत मानिसलाई हराउनलाई पश्चिमा शासकहरूसँग कुनै साधन छैन । तर, विश्व प्रभुत्वको लगाम गुम्न नदिन तिनीहरू आम नरसंहारको माध्यमबाट मानव जातिलाई नै नष्ट गर्ने नीतिमा अघि बढ्न सक्छन् । रुस र चीनविरुद्ध दुस्साहसी नीति लिनुभित्र यही खतरा लुकेको छ ।

युद्धको खतरा त्यो हदसम्म पुगेन भने पनि जलवायु सङ्कट तीव्रतर हुँदै छ । पश्चिमा देश अथवा उदाउँदा विश्व शक्तिले हाम्रो अस्तित्वको लामो इतिहासमा मानव जातिसामु देखापरेको सबैभन्दा चरम खतराको सामना गर्न पाइला चालेको देखिन्न । जलवायु सङ्कटको खतरा आणविक द्वन्द्वको खतराभन्दा पनि सङ्गीन छ ।

आणविक युद्ध हुनसक्छ वा नहुन पनि सक्छ । तर, जलवायु परिवर्तन निश्चय नै हुँदै छ । यो अनुमानको कुरा होइन । यो परिवर्तन मानव जातिले झेल्न सक्नेछैन । तिनीहरूले यसलाई रोक्नैपर्छ । तर, यसलाई रोक्नको लागि अर्को समाज व्यवस्था वा अर्कै सभ्यताको खाँचो पर्छ । यसको अर्थ हामीले अर्को विश्वयुद्धको सङ्कट टार्यौं नै भने पनि हामीले आफूलाई वातावरणीय विनाशबिच पाउने जोखिम छ । उत्तर र दक्षिण तथा पूर्व र पश्चिमबिचको तन्किँदो गतिरोध र द्वन्द्वका कारण वातावरणको विनाश चर्किनेछ । सय वर्षअघि रोजा लक्जेम्बर्गले 'समाजवाद वा बर्बरता' भनी उद्घोष गरेकोमा आज हामीले भन्नुपरेको छ :

'समाजवाद वा विलोपन'

जलवायु परिवर्तनविरुद्ध हाम्रो सङ्घर्षमा हामी समाजवादका लागि लड्दै छौँ । समाजवाद प्राप्तिको हाम्रो सङ्घर्षमा हामी पृथ्वीलाई जोगाउनको निम्ति लड्दै छौँ ।

मानव जातिले भोगिरहेको कुनै पनि विकराल समस्यालाई अब राष्ट्रिय वा क्षेत्रीय तहमा सम्बोधन गर्न सकिन्न । यसकारण, अहिले नयाँ इन्टरनेसनलको टड्कारो खाँचो परेको हो ।

मैले माथि उल्लेख गरेका समस्या र यसैखाले अन्य मुद्दालाई वर्चस्वशाली पश्चिमा शक्तिको विरोधमा उभिएका देशहरू एक्लैले हल गर्न सक्दैनन् । यसै पनि यीमध्ये धेरै देश रुढीवादी वा अनुदारवादी छन् । तिनीहरू पश्चिमाहरूले आफ्नो देश छोडेर गइदिए हुन्थ्यो र आफ्नो आन्तरिक मामिलामा हस्तक्षेप नगरे हुन्थ्यो भन्ने मात्र चाहन्छन् । यो असम्भव कामना हो किनभने पुँजीवादको चरित्र नै साम्राज्यवादी हुन्छ । जसरी सोचे पनि मानव जाति नै ठोक्किन पुगेका यी विशाल चुनौतीका पहाडहरूलाई केही देशकै भरमा छिचोल्न सकिन्न । यसका लागि दुवै उत्तर र दक्षिण गोलार्द्धका बहुसङ्ख्यक जनताको सचेत परिचालन आवश्यक छ । त्यस्तै, पश्चिमा देशका कामदार जनता र दक्षिणी गोलार्द्धका उत्पीडित जातिको एकता तथा विश्वभरिका जनताको परिचालन पनि उत्तिकै आवश्यक छ ।

यो एकताको अर्थ सामाजिक-आर्थिक, भूराजनीतिक र पर्यावरणीय समस्याहरूलाई राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापीरूपमा योजनाबद्ध तथा प्रजातान्त्रिक तवरले नियन्त्रित अर्थतन्त्रको दिशामा लगेर एकैबाजि सम्बोधन गर्नु हो । हाम्रो रणनीतिक उद्देश्य यस्तो हुनुपर्छ । आजभोलि पर्यावरणीय समस्यालाई छोडी सामाजिक समस्यालाई मात्र सम्बोधन गर्न, भूराजनीतिक समस्यामात्र छोडी सामाजिक समस्यालाई मात्र सम्बोधन गर्न अथवा सामाजिक समस्या छोडी भूराजनीतिक समस्या हल गर्न सकिन्न । हामीसँग त्यो सहुलियत छैन । विविध कारणले हामीलाई आज पाँचौँ इन्टरनेसनलको आवश्यकता छ । नयाँ समाजवादी अभियानका आधारमा विश्वका विभिन्न भेगलाई गोलबद्ध पार्न पाँचौँ इन्टरनेसनल चाहिन्छ । यस्तो एकताबिना युद्ध अनिवार्य बन्न जानेछ । पुँजीवाद, साम्राज्यवाद, पश्चिमा निरङ्कुशतन्त्र, जलवायु परिवर्तन तथा प्रकृतिको ऱ्हासविरोधी सङ्घर्षहरूलाई जोडेर हामीले एकसूत्रमा बाँध्नैपर्छ । जस्तो, विभिन्न देशको असमान अवस्थालाई ध्यानै नदिई हामी जीवाश्म इन्धनको प्रयोगलाई एकैबाजि बन्द गर्न सक्दैनौँ । यस्ता धेरै उदाहरण हुनसक्छन् । जेहोस्, उन्नति र योजना निर्माण सँगसँगै जानुपर्छ ।

२० औँ शताब्दीको अनुभव मनन गर्ने हो भने हामीले उत्पादक शक्तिलाई राज्यको स्वामित्वमा ल्याएर मात्र पुग्दैन । हामीले आत्म व्यवस्थापनका विधिहरूको व्यापक प्रयोगबाट सामाजिक स्वामित्व तथा नियन्त्रणको अभ्यास गर्नुपर्छ । समाजवादको अर्थ राजकीय स्वामित्व होइन, बरु सबै तह र तप्काका जनताले सत्ताको अभ्यास गर्नु हो । उत्पादक शक्तिको अविच्छिन्न विकासको यात्राबारे पुनःविचार गर्नु पनि समाजवादको निहितार्थ हो । पाँचौँ इन्टरनेसनलको वैकल्पिक सङ्क्रमणकालीन कार्यक्रम कस्तो हुनुपर्ला भनेर मैले अर्कै लेखमा केही प्रारम्भिक सवाल उठाएको छु ।

***(एमआर अनलाइन)***
***अनुवाद : सम्यक***

---

***चीन...***

lectual Property Center, GIPC) विश्व बौद्धिक सम्पत्ति सभाले 'अन्तर्राष्ट्रिय बौद्धिक सम्पत्ति सूची २०१८' प्रतिवेदन सार्वजनिक गऱ्यो । यस प्रतिवेदनअनुसार ४० सूचाङ्कको आधारमा ५० अर्थतन्त्रको राष्ट्रिय बौद्धिक सम्पत्ति वातावरणबारेको सर्वेक्षणमा पनि चीन २०१७ को तुलनामा २ स्थान माथि उक्लेर २५ औँ स्थानमा पुग्यो ।

**५. चिनियाँ व्यवसायलाई विश्वव्यापी बन्न चिनियाँ सरकारको प्रोत्साहनलाई अत्याधुनिक प्रविधिका लागि व्यावसायिक विलय र अधिग्रहण (Merger and Acquisition, M&A) मार्फत प्राप्त गर्ने सरकारी प्रयास भनी बङ्ग्याउन नहुने**

चिनियाँ सरकार आफ्नो व्यवसायलाई विश्वव्यापी बनाउन र अन्तर्राष्ट्रिय आर्थिक आदान-प्रदान तथा सहकार्यका लागि प्रोत्साहन गर्न विश्व व्यापार सङ्गठनप्रति इमानदार छ । चिनियाँ कम्पनीहरू बलियो हुँदै गएसँगै र स्रोत निर्धारण तथा बजार विस्तारको आवश्यकता बढेसँगै ठुलो सङ्ख्यामा कम्पनीहरूले आफ्नै अगुवाइमा विदेशमा व्यवसाय विस्तार गरेका छन् । आर्थिक विश्वव्यापीकरणको पदचिह्नमा विश्वका अन्य मुलुक र क्षेत्रले जस्तै चीन सरकारले पनि आफ्ना सक्षम तथा प्रतिस्पर्धी कम्पनीहरूलाई अन्तर्राष्ट्रिय बजारमा बाह्य लगानी गर्न र कार्य गर्न साथ दिएको छ एवम् सम्बन्धित मुलुकका नियम साथै अन्तर्राष्ट्रिय नियमहरू तथा कानुन पालना गर्न लगाएको छ । सरकारले यस्ता बाह्य लगानी तथा सहकार्यका लागि सुविधा हुने सेवामात्र उपलब्ध गर्छ । व्यावसायिक M&A मार्फत अत्याधुनिक प्रविधि प्राप्त गर्ने चीन सरकारको मनसाय भनी संरा अमेरिकाले निकालेको निष्कर्ष हचुवा र आधारहीन छ । वास्तवमा संरा अमेरिकामा प्रविधि प्राप्तिको निम्ति चिनियाँ लगानीको अंश निकै सानो छ । अमेरिकन इन्टरप्राइज इन्स्टिच्युटका अनुसार सन् २००५ देखि २०१७ सम्ममा चीनको २३२ प्रत्यक्ष लगानीमध्ये १७ ओटामा मात्र ठुला र अत्याधुनिक प्रविधिसँग संलग्न छन्, बाँकीमध्ये धेरै घरजग्गा, वाणिज्य तथा सेवा क्षेत्रमा छ ।

**६. चीनको आर्थिक अनुदान नीति विश्व व्यापार सङ्गठनका नियमअनुरूप छन् र यो नीतिमाथि आक्रमण हुनु हुँदैन**

चीनले विश्व व्यापार सङ्गठनको आर्थिक अनुदान नीति दृढतापूर्वक अवलम्बन गरेको छ । बजार असफलता र असन्तुलित आर्थिक विकासलाई सम्बोधन गर्ने एक उपायको रूपमा संरा अमेरिकालगायत धेरै मुलुक तथा क्षेत्रहरूले आर्थिक सहायतालाई व्यापकरूपमा उपयोग गरेका छन् । विश्व व्यापार सङ्गठनमा सहभागी भएसँगै चीन सक्रियतापूर्वक आन्तरिक नीतिहरूको पालना गर्ने सुधारको दिशामा अगाडि बढ्दै छ र 'विश्व व्यापार सङ्गठनको आर्थिक सहायता तथा प्रतिवादका उपायहरूबारे सम्झौता' अन्तर्गतका बुँदाहरूलाई निरन्तर सम्मान गर्छ ।

विश्व व्यापार सङ्गठनको आर्थिक सहायतासम्बन्धी नियमहरूलाई चीन पारदर्शी ढङ्गले कार्यान्वयन गर्छ । सोहीअनुरूप चीनले आफ्नो आन्तरिक कानुन, नियमावली र उपायहरू पुनरावलोकन, समायोजन तथा कार्यान्वयन गरेको विवरण विश्व व्यापार सङ्गठनलाई निरन्तर सूचित गऱ्यो । सन् २०१८ को जनवरीसम्ममा चीनले हजारौँ सूचनाहरू बुझायो । यसमा केन्द्रीय तथा उपराष्ट्रिय आर्थिक सहायता नीतिहरू, कृषि तथा प्राविधिक नियमावलीहरू, मापदण्ड र बौद्धिक सम्पत्ति कानुन तथा नियम आदि क्षेत्रहरू समावेश छन् । सन् २०१६ जुलाईमा सम्बन्धित नियमबमोजिम चीन सरकारले सन् २००१ देखि २०१४ सम्मका उप-राष्ट्रिय नीतिहरू विश्व व्यापार सङ्गठनलाई सूचित गऱ्यो । यसमा १९ प्रान्त र ३ नगरपालिकासहित स्वतन्त्र योजना प्राधिकरणका १०० आर्थिक सहायता नीति समावेश छन् । सन् २०१५ र २०१६ बिचका प्रान्तीय तहका प्रशासनिक क्षेत्रसहित पहिलोपटक केन्द्रीय र उपराष्ट्रिय आर्थिक सहायताका नीतिहरूबारे चीनले सन् २०१८ को जुलाईमा विश्व व्यापार सङ्गठनलाई सूचित गऱ्यो ।

चीनले व्यवसायहरूका लागि समथर खेलमैदान निर्माण गऱ्यो । पछिल्ला वर्षहरूमा चीन सरकारले औद्योगिक नीतिहरू परिवर्तनका लागि प्रतिबद्धता जनाएको छ । सन् २०१६ जूनमा राष्ट्रिय परिषद्ले 'बजार प्रणाली निर्माणको निम्ति निष्पक्ष प्रतियोगितात्मक परीक्षा प्रणाली स्थापनाका सम्बन्धमा विचार' सार्वजनिक गऱ्यो । यसले विधिमा आधारित सरकारी कार्यको सुनिश्चितता प्रदान गर्न प्रतिस्पर्धालाई निषेध वा बाधा पुऱ्याउने हालका नियमहरू तथा अभ्यासलाई समाप्त गर्ने कार्य गऱ्यो । सन् २०१७ जनवरीमा राष्ट्रिय परिषद्ले 'खुलापनलाई थप प्रोत्साहन तथा विदेशी लगानीको सक्रिय उपयोगसम्बन्धी कैयौँ उपायहरूका बारे निर्देशन (Circular)' सार्वजनिक गऱ्यो ।

**बक्स -४ : चिनियाँ कृषि सहयोग नीतिहरूको सुधार**

सन् २०१४ देखि २०१६ को बिचमा गरिएको नमुना (Pilot) सुधारका आधारमा सन् २०१७ मार्चमा राष्ट्रिय विकास तथा सुधार आयोग (NDRC) र वाणिज्य मन्त्रालयले 'कपासको लक्षित मूल्यको उपयुक्त सुधार' बारे सूचना जारी गऱ्यो । यसले सिन्चियाङ (Xinjian) को कपासको लक्षित मूल्यबारे अनुदान नीतिलाई पुनरावलोकन गऱ्यो र लक्षित मूल्यमा दिइने सहायताको परिमाणमा मूल्यसीमा तोक्यो । मूल्य निर्धारणको लक्षित अवधि एक वर्षमा एक पटक भएकोलाई परिमार्जन गर्दै तीन वर्षमा एकपटक पुऱ्यायो । यसरी कपासमा अनुदान विश्व व्यापार सङ्गठनको निलो बाकस उपाय (Blue Box Measure) अनुरूप बन्यो ।

चीनले अहिले पनि धान र गहुँमा न्यूनतम खरिद मूल्य नीति अवलम्बन गरेको भए तापनि पछिल्ला वर्षहरूमा न्यूनतम मूल्य लगातार घटाउँदै लगेको छ । सोही समयमा चीन सरकारले आर्थिक भुक्तानी अनुदानलाई सुधार गऱ्यो र हरित पर्यावरणमा जोड दियो । सन् २०१५ को मेमा वाणिज्य मन्त्रालय र कृषि मन्त्रालयले 'तीन प्रकारका कृषिजन्य अनुदान नीतिको समायोजन तथा सुधारका लागि मार्गनिर्देशक विचार' जारी गरे । ८० प्रतिशत कृषि निवेश (Input) मा सीधा अनुदान र सुधारिएका विभिन्न अनुदान प्रयोग गरी कृषि जमिन संरक्षण गरिएको छ । बाँकी २० प्रतिशत कृषि निवेश र ठुला सङ्ख्याको प्रत्यक्ष कृषक अनुदान तथा ती अनुदानहरूमा वृद्धिले कृषि ऋण प्रत्याभूति प्रणालीको स्थापना र सुधारका लागि विशेष एवम् प्रमुख भूमिका खेल्ने निश्चित छ ।

यसमा विदेशी लगानी नीतिको परिभाषामा निष्पक्ष प्रतिस्पर्धाको समीक्षा गर्न आवश्यक अधिकारहरूको सम्बन्धमा उल्लेख छ । सन् २०१८ जूनमा राष्ट्रिय परिषद्ले 'गुणस्तरीय आर्थिक विकास प्रवर्तनका लागि विदेशी लगानीको सक्रिय तथा प्रभावकारी उपयोगसम्बन्धी निश्चित उपायहरूबारे निर्देशन' जारी गऱ्यो । यसको उद्देश्य 'नकारात्मक सूची' का आधारमा पूर्व स्थापित प्रणालीको पूर्ण राष्ट्रिय व्यवहार गर्ने र यस सूची बाहिरका क्षेत्रमा विदेशी लगानी प्रवेशमा रहेका प्रतिबन्धहरू फुकुवा गर्ने रहेको छ । निर्देशनका अनुसार विदेशी लगानीकर्ताहरूको कानुनी अधिकार र हितको रक्षा गर्ने, चीनले विदेशी लगानीकर्ता उद्यमीहरूको गुनासो दर्ता गर्न अन्तरविभागीय संयुक्त बैठक प्रणालीलाई सुधार गरेको छ । मुलुकभरि विदेशी लगानीकर्ता, उद्यमीहरूको गुनासो प्रणाली स्थापना तथा विकास गरेको छ । जसको उद्देश्य विदेशी लगानीकर्ता उद्यमीहरूमाथि कुनै अनुचित व्यवहार भएको भए छिटो छरितो समाधान गर्नु, कानुनी अन्तरक्षेत्रीय क्रियाकलापहरूमाथि हुनसक्ने निषेध रोक्नु, विदेशी लगानीकर्ता उद्यमीहरूको स्थानान्तरण वा पलायनबाट रोक्नु हो ।

चीनको कृषि उद्योग बजारकेन्द्रित हुँदै गएको छ । सन् २०१५ मा राष्ट्रिय विकास तथा सुधार आयोग (National Development and Reform Commission, NDRC) ले सुर्तीको पातमा नियन्त्रण मूल्य निर्धारणको अन्त्य भएको सङ्केत गऱ्यो । सन् २००४ यता बजार निर्धारण मूल्य र स्वतन्त्र प्रणालीका आधारमा चिनियाँ सरकारले किसानको आधारभूत ( जीवनस्तर) गुजारा प्रत्याभूति (बढी वितरण वा मूल्य गिरावटजस्ता कठोर अवस्थाको व्यवस्थापनका निम्ति) दिन र चिनियाँ सरकार आफैँले खरिद गर्ने प्रणाली अपनाएको थियो । पछिल्ला वर्षहरूमा चीन सरकारले खरिद प्रणाली सुधारका निम्ति महत्त्वपूर्ण कदम चाल्दै बजारमा आधारित मूल्य निर्धारण प्रणाली लागु गऱ्यो ।

***The Facts and China's Position on China- US Trade Friction September 2018***
***अनुवाद : हौसला***

# राहुल गान्धीद्वारा वायनाडबाट उम्मेदवारी दर्ता



नयाँदिल्ली, ४ अप्रिल (एएफपी)। भारतमा आगामी लोकसभाका लागि हुन लागेको आमनिर्वाचनका लागि विपक्षी नेता राहुल गान्धीले केरलाको वायनाडबाट उम्मेदवारी दर्ता गराउनुभएको छ।

उम्मेदवारी दर्ताका क्रममा गान्धीका हजारौँ समर्थक उहाँकै साथमा निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए।

गान्धी परिवारको लामो विरासत बोकेका ५३ वर्षीय राहुल गान्धीको काङ्ग्रेस आई पार्टी पछिल्ला दुई आमनिर्वाचनमा नराम्रोसँग पराजित भएको थियो।

यसपटकको चुनावमा पनि भारतीय जनता पार्टीका तर्फबाट चुनावी मैदानमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीसामु काङ्ग्रेस आई कमजोर रहेको सर्वेक्षणहरूले देखाएका छन्। मोदी विरोधी मोर्चाको नेतृत्व गरिरहेका राहुल गान्धीलाई यसपटक पनि बहुमत ल्याउनु फलामको च्यूरा चपाएसरह रहेको छ।

तैपनि, दक्षिणी राज्य केरलाको वायनाडमा उहाँको समर्थनमा धेरै मानिस उपस्थित भएका छन्।

बहिनी प्रियङ्का गान्धीसहित वायनाड पुगेका राहुल गान्धीले आफ्ना समर्थकलाई सम्बोधन गर्दै आफूले आमजनतालाई आफ्नै परिवारसरह मान्ने गरेको बताउनुभएको थियो।

वायनाडमा यो उहाँको दोस्रो उम्मेदवारी हो। उहाँ सन् २०१९ मा यही क्षेत्रबाट लोकसभा सांसदमा निर्वाचित हुनुभएको थियो। तर, केही समयअघि उहाँले प्रधानमन्त्री मोदीलक्षित गलत टिप्पणी गरेको आरोपमा अदालतको आदेशबाटै सांसद पद गुमाउनुपरेको थियो।

भारतमा आगामी अप्रिल १९ बाट ६ हप्ता लामो शृङ्खलाबद्ध चुनाव हुँदैछ जसमा झन्डै एक अर्बले मतदान गर्नेछन्।

# सहरी स्वास्थ्य केन्द्रबारे अभिमुखीकरण



भक्तपुर, २१ चैत। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आधुनिक जीवनशैली, खानपान, प्रदूषण, धूमपान तथा मद्यपानबाट नसर्ने रोगको जोखिम बढिरहेको बताउँदै नसर्ने रोगको जोखिम न्युनीकरणको लागि समुदायमा जनचेतना जगाउनु आवश्यक भएको बताउनुभयो।

जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरको आयोजनामा भएको सहरी स्वास्थ्य कार्यक्रमबारे स्थानीय तहका जनप्रतिनिधिहरूलाई कार्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रममा बोल्दै उहाँले भक्तपुर नपाले वडा वडाबाटै स्वास्थ्य सेवा प्रवाह गर्न वडा वडामा सहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने उद्देश्यअनुरूप भवन निर्माण कार्य जारी रहेको बताउनुभयो।

उहाँले स्वास्थ्य सेवा अत्यन्त महँगो हुँदै गएको अवस्थामा भक्तपुर नपाले गुणस्तरीय सेवा प्रदान गर्न एक सय शैय्याको ख्वप अस्पताल सञ्चालन र अस्पतालबाट दैनिक ८ सयभन्दा बढी बिरामीहरूले स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो।

कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख अस्मिता ओझाले सहरी स्वास्थ्य कार्यक्रमको उद्देश्य र भक्तपुरमा त्यसको अवस्थाबारे प्रस्तुतीकरण दिँदै नसर्ने रोगबारे अभिमुखीकरण गर्ने कार्यक्रमको प्रमुख उद्देश्य भएको बताउनुभयो।


## हार्दिक समवेदना



जन्म: २०४८/०१/२५
निधन: २०८०/१२/०७

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. १ दूधपाटी टोल बस्ने यस संस्थाका सदस्यता नं. **१०२५९** का सदस्य **अमिता लासिव**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर


*राजनीतिक...*

गऱ्यो भनी कारबाही हुने प्रावधान विधेयकमा राख्नु हुँदैन।

संविधानमा कर्मचारीको ट्रेड युनियन गठनको व्यवस्था छैन। निजी क्षेत्रमा संलग्न मजदुरलाई भएको ट्रेड युनियन अधिकार कर्मचारीलाई दिनु संविधानविपरीत छ। एउटै ट्रेड युनियनको नाममा पनि कर्मचारीलाई यो अधिकार दिनु उचित हुनेछैन। शासक दलका नेताहरू ट्रेड युनियनका कर्मचारीलाई भ्रष्टाचार हुने ठाउँमा सरूवा बढुवा गर्नेमा लागेको हुँदा जनताले विरोध गर्दै छन्।

नेपालविरूद्ध नाकाबन्दी गरेको, नेपाली भूमि अतिक्रमण गरेको, खुला सीमामा नेपालीलाई कुटपिट गरेको, मौका पाए गोली हानी हत्या गरेको देशमा कर्मचारीलाई तालिममा पठाउनु हुँदैन। किनभने, विदेशी आक्रामकले दलाल नपाएसम्म नाकावन्दी र आक्रमण गर्नसक्दैन।

आजको एउटा समाचारमा कञ्चनपुरको बेलौरीको माटो भारततर्फ लगिएको, नेपालको भूमि भारतमा पर्नेगरी नापी नक्सा भइरहेको, सिंचाइ नहर, हुलाकी सडक, प्यारा ताल भारततर्फ पर्ने गरी स्ट्रिप नक्सा बनाइएको उल्लेख छ। यसतर्फ संसद र सरकारको ध्यान जानु जरूरी छ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २१ गते प्रतिनिधिसभा बैठकमा सङ्घीय निजामती सेवा विधेयक, २०८० माथिको छलफलमा राख्नुभएको विचारको सार -सं)*

**चिसो पेय पदार्थमा क्यान्सर पैदा गर्ने तत्व मापदण्डभन्दा निकै बढी**

खाद्य स्वच्छता विधेयकको प्रतिवेदनमा नसमेटिएका केही विषयहरू राख्न चाहन्छु।

गुलियो र रसायन मिसिएका पेय पदार्थले दाँत, पेट, हाडजोर्नीलगायत शरिरमा अनेक समस्या उत्पन्न गराउने, शरिर मोटोपनको सिकार हुने, बालबालिकालाई दीर्घरोग लाग्ने विज्ञहरूले बताएका छन्। विज्ञहरूले चिसो पेय पदार्थमा क्यान्सर पैदा गर्ने तत्त्व मापदण्डभन्दा निकै बढी रहेको बताए। पेय पदार्थलाई रङ्गयुक्त बनाउन प्रयोग गरिने रसायन तोकिएभन्दा निकै बढी भएको र यसमा क्यान्सर उत्पन्न गर्ने तत्त्व पाइएको विज्ञहरूले सार्वजनिक गरेको एक अध्ययनमा उल्लेख छ। विज्ञहरूले चिनी भएको चिसो पेय पदार्थको उपभोग घटाउनुपर्ने, चिनीबिना कम क्यालोरी भएको चिया पिउन सुझाव दिएका छन्।

सन् १९६९ मा जाम्बियामा चिसो पेय पदार्थ पिलाइएका धेरै बालबालिकालाई कुपोषणको रोग लागेर अस्पतालमा भर्ना गर्नुपरेको थियो। त्यसरी कुपोषित भएका बालबालिकालाई 'फान्टाबेबी' नामकरण गरिएको थियो। चिसो पेय, बासनादार, गुलियो स्वादलगायत फिँजहरू आउने ग्यास भएको पानी पिउनेको पिसाबबाट बढी खनिज निष्कासन हुने, हाड कमजोर हुने, थाइराइड ग्रन्थिको कमजोरी हुने, मुटुका धमनीको रोग हुने, उच्च रक्तचापलगायत स्वास्थ्य समस्या हुने विज्ञहरूको मत रहेको छ।

चिसो पेय पदार्थमा हुने क्याफिन र चिनी दुवैले क्याल्सियम नष्ट गर्ने र हाड खियाउने विज्ञहरूको मत रहेको छ। अधिकांश चिसो पेयमा ४ देखि १५ चम्चा चिनी घोलिएको हुन्छ। यसले शरिरको तौल बढाउने र टाइप २ डाइबेटिज हुने विज्ञहरूको मत रहेको छ। चिसो पेय पदार्थको सुन्तले पहेँलो रंग दिने टार्टरार्जिनले क्यान्सर गराउँछ। चिसो पेयमा राखिने सोडियम बढी हुँदा स्वास्थ्य समस्या हुन्छ। सरकारी र निजी अस्पतालका क्यान्टिनमासमेत प्याकेटको तयारी पत्रु खाना, केक, चिसो पेय पदार्थ बेच्न दिइएकोमा पनि विज्ञहरूको आपत्ति रहेको छ। अस्पतालभित्र बिरामीको मुटु र मिर्गौला उपचार भइरहेको हुन्छ तर क्यान्टेनमा बिरामीका परिवारले मुटु र मिर्गौला खराब पार्ने खाना खाइरहेका हुन्छन्।

नेपालमा कुहिएको, सडेगलेको खाद्यान्न अर्बपतिहरूले बिक्री गरिरहेका छन् तर सरकारले केही गर्न सकिरहेको छैन। यो विधेयकमा पनि नियन्त्रण गर्ने विषय स्पष्टसँग आएको छैन। यी विषयहरू समेटेर यो विधेयकलाई पूर्ण बनाउनु जरूरी छ।


## फागु पर्व सभ्य रुपमा मनाऔं।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४, भक्तपुर, फोन नं. ०१-६६११३६४

## ऋण चुक्ता गर्नेबारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/२२ गते

यस संस्थाबाट ऋण लिने तपसीलबमोजिमका ऋणी सदस्यहरूले ऋण लिँदा गरिदिएको लिखत तथा सर्तनामामा तोकिएअनुसार बुझाउनु पर्ने सावाँ, ब्याज रकमहरू नबुझाई ऋण लिँदा गरेको सर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखित पटकपटक ताकेता गर्दासमेत सोको बेवास्ता गरी ऋण दायित्व तिर्ने बुझाउनेतर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज र हर्जना रकम एकमुष्ट चुक्ता फछ्र्योट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो सुरक्षण र कथंकदाचित उक्त धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम असुलउपर भई ऋण बाँकी रहन गएमा ऋणी र धितो जमानीकर्तालाई कालोसूचीमा समावेश गर्ने र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण नीतिमा व्यवस्था भएबमोजिम कानुनी प्रक्रियाबाट ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासगोल परिवारको नाउँमा नेपालभर भएको अन्य चलअचल सम्पत्तिबाट संस्थाको लेना रकम असुलउपर गरिलिने व्यहोरा ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ।

तपसिल :

| ऋणीको विवरण | धितो सुरक्षण विवरण |
|---|---|
| १. नाम : राजकुमार हयोङजु<br>सदस्य नं. ११५६<br>ऋण नं. १०–४–४३२<br>ना.प्र.नं. २००३९<br>बाबु : पुनकुमार हयोङजु<br>बाजे : पुनवीर हयोङजु<br>ठेगाना : भक्तपुर जि. चित्तपोल-१, परिवर्तित सू.न.पा.१०  | जग्गा धनीको नाम : राजकुमार हयोङजु<br>बाबु : पुनकुमार हयोङजु<br>बाजे : पुनवीर हयोङजु<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : चित्तपोल गा.वि.स.<br>वडा नं. १ ग, कित्ता नं. : १३११<br>क्षेत्रफल : ०-३-२-० |
| २. नाम : रक्की साही<br>सदस्य नं. ३१४३<br>ऋण नं ४४१-०१०१९-५<br>ना.प्र.नं. २९१५२५९<br>बाबु : जगतबहादुर साही<br>बाजे : हर्षबहादुर साही<br>ठेगाना : भक्तपुर जि., जैंला-२ हाल परिवर्तित वडा नं.८  | जग्गा धनीको नाम : बदलमाया साही<br>पति : जगतबहादुर साही<br>ससुरा : हर्षबहादुर साही<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : भक्तपुर न.पा.<br>वडा नं.२ घ , कित्ता नं. ६६९<br>क्षेत्रफल : ०-१-१-२.५ |


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा